नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily







● वर्ष १ ● अंक १ ● २०७९ साल कात्तिक २४ गते बिहीवार ● Thursday 9 Nov. 2022 ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## प्रकाशकीय

केही सातादेखी निरन्तर नमूना अंकहरुको प्रकाशन पछी हामी औपचारिक रुपमा पाठक समक्ष आएका छौं । मधेश प्रदेश प्रकाशन समुहको छापा प्रकाशन मधेशदृष्टि प्रकाशन प्रारम्भ गरेर पाठक समक्ष पस्कन पाउँदा हामी हर्षित बनेका छौं । मध्य तराईको पहिलो एफएम रेडियो वीरगंज ९९ मेगाहर्ज, रेडियो पोखरीया १०५.८ मेगाहर्ज तथा टिभी वीरगञ्ज संचालन गर्दै आएको संचार समुह छापा प्रकाशनमा प्रवेश गरेको जानकारी गराउन पाउँदा हामी उत्साही बनेका छौं । दुई दशकदेखी यस क्षेत्रको सशक्त आवाज बन्न सफल विद्युतिय संचार माध्यमको अनुभवपछि छापा प्रकाशनलाई मधेश प्रदेशका नागरिकको प्रतिनिधी बनाउने ध्येय हामीले राखेका छौं ।

मधेश प्रदेश आम जनताको मागअनुसार संघीय राज्यप्रणाली स्थापनामा लामो समय देखी बहस,संघर्ष र वलिदानको इतिहासको जगमा उभिएको प्रदेश हो । मधेश प्रदेश अब राजनीतिक स्थायीत्व, आर्थिक प्रगती, भौतिक पूर्वाधारको विकास तथा सामाजिक रुपान्तरणको बाटोमा अग्रसर हुन चाहन्छ । समयको यहि माग सम्बोधन गर्ने उद्देश्यले आफ्नो तर्फबाट योगदानका लागि उत्प्रेरित हुँदै मधेशदृष्टि राष्ट्रिय दैनिक प्रकाशनमा ल्याएका हौं । निश्चय नै मधेश प्रदेशमा ठूलो सख्यामा पत्रपत्रिका, बग्रेल्ती अनलाइन तथा रेडियो, टेलिभिजन प्रकाशन तथा प्रशारण भईरहेका छन् । हामी पनि यही भिडमा आएका छौं । तर हामी भिडमा मिसिन होइन, पत्रकारिताको मूल आदर्श आत्मसात गर्दै नागरिकको सूचनामा पहुँच तथा जिम्मेवार निकाय माथीको निरन्तर खबरदारी गरिरहने प्रतिबद्धता लिएर आएका छौ ।

मुलुकमा बढ्दो भ्रष्ट आचरण, कमिसन खोरी, गैर जवाफदेहीता जस्ता दीर्घ रोगहरु विरुद्ध चोटिलो प्रहार गर्ने नीति लिएका छौं । संघीयताको संस्थागत विकास र सुशासन हाम्रा एजेण्डा हुन् ।

नागरिकको विश्वसनिय आवाज र दृष्टिकोण बन्न मधेशदृष्टि 'नजर हमर' सधै अग्रसर रहने छ । हामी विश्वसनियतामा खरो उत्रने छौं र पत्रकारिताको व्यवसायिक प्रयोग गर्नेछौं । नागरिकसँग सरोकार राख्ने निकाय, संस्था तथा व्यक्तिमाथि निरन्तर खबरदारी, निगरानी गर्न हामी सदा तत्पर रहने छौं । स्थानीय, प्रदेश तथा राष्ट्रिय तहका नागरिकका सरोकारका विषय र मुद्दाहरु हाम्रो प्राथमिकताका क्षेत्र हुन् ।


मधेशदृष्टि दैनिकलाई सफल बनाउन सम्पूर्ण पाठक, विज्ञापनदाता, वितरक, शुभेच्छुक लगायत सम्पूर्ण सरोकारवालासँग निरन्तर सहयोग, सल्लाह, सुझाव र निगरानीको अपेक्षा राखेका छौं । धन्यवाद ।



**ध्रुब साह**
अध्यक्ष, मधेश प्रदेश प्रकाशन समुह
वीरगञ्ज, पर्सा

## मधेश प्रदेश प्रतिनिधी सभा निर्वाचन
# शिर्ष नेताको चुनावी यात्रा संकटमा, कोहि छैनन् ढुक्क

**विश्वमणि पोखरेल**
**जनकपुर, कात्तिक २३**



राजनीतिक पार्टीको राष्ट्रिय परिचय, शीर्ष नेतृत्वको जिम्मेवारी, गठबन्धनको साथ र समर्थन प्राप्त भएपनि मधेश प्रदेशमा उम्मेदवार बनेका शीर्ष नेताहरु कोहि पनि चुनावी मैदानबाट विजयी हुनेमा ढुक्क छैनन् । पार्टीको आन्तरिक राजनीति, मधेशवादी दलहरु सत्तापक्ष र प्रतिपक्षको गठबन्धनमा जोडिनुको परिणाम निर्वाचन संघार आइपुग्दा पनि शीर्षहरुको संकट टर्ने छाँटकाँट देखिएको छैन । उनीहरु संघर्षरत छन्, मतदाता फकाउन ।

मंसिर ४ मा हुने निर्वाचनमा मधेश प्रदेशको सप्तरी दुईबाट जसपा अध्यक्ष उपेन्द्र यादव, महोत्तरी तीनबाट लोसपाका अध्यक्ष महन्थ ठाकुर, सर्लाही दुईमा लोसपाका नेता राजेन्द्र महतो तथा रौटहट एकमा नेपाल कम्युनिष्ट पार्टी (समाजवादी)का अध्यक्ष माधव कुमार नेपाल चुनावी मैदानमा छन् ।

२०७४ को आम निर्वाचनमा मधेशवादी दल महन्थ-राजेन्द्र नेतृत्वको राजपा र उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी एक आपसमा मिलेर चुनावी मैदानमा उत्रिएका थिए, प्रदेश सभामा उनीहरुको गरिमामय उपस्थिति थियो । संसदमा दुईतिहाइको बहुमत र आफ्नै नेतृत्वमा बलियो प्रदेश सरकार बनेको थियो ।

त्यसो त अघिल्लो चुनावमा पनि दलहरुबीच शीर्ष नेताहरुलाई जिताउने अभ्यास नभएको होइन । त्यसबेलाका राजपा, संघीय समाजवादीको साथै नेपाली कांग्रेसको सक्रिय समर्थन पाएर उपेन्द्र यादव प्रतिनिधी सभामा शानदार विजयी भएका थिए । कांग्रेसले आफ्ना उम्मेदवार सकलदेव सुतिहारलाई चुनावी मैदानबाट पछि हट्ने आदेश दिदैं उपेन्द्रलाई जिताउन आव्हान गरेको थियो । त्यस्तै कांग्रेसकै समर्थनमा तत्कालीन राजपाका महन्थ ठाकुर ठूलो मतान्तरले प्रतिस्पर्धीलाई पछि पार्दै प्रतिनिधी सभामा पुगेका थिए । कांग्रेस उम्मेदवार बजरंग नेपालीले प्रतिस्पर्धाबाट पछि हटेर महन्थलाई सहयोग गरेका थिए ।

राजपाका अर्का नेता राजेन्द्र महतो धनुषामा एमालेको अनौपचारिक सहयोग पाएर विजयी भएका थिए । कांग्रेस नेता विमलेन्द्र निधीलाई पराजित गर्न एमालेले महतोलाई सहयोग गरेको थियो ।

माधवकुमार नेपाल एमाले र माओवादीको एकीकृत नेकपाको उम्मेदवार बनेर काठमाडौं दुईबाट विजयी भएका थिए ।

अहिले परिस्थिति बदलिएको छ । जसपाका अध्यक्ष उपेन्द्र अर्को मधेशवादी दल लोसपासँग र लोसपा अध्यक्ष महन्थ मधेशवादी दल जसपासँग कडा प्रतिस्पर्धा गर्दैछन् । राजेन्द्र आफ्नै पार्टीका रामचन्द्रसँग भिड्दै छन् । उता, माधव नेपाल भने आफ्नो मुलपार्टी एमालेका उम्मेदवारसँग प्रतिस्पर्धा गर्दैछन् ।

अघिल्लो निर्वाचनको तुलनामा राजनीतिक माहौल बदलिएको देखिदैंछ । शीर्ष नेताहरुलाई विजयको माला पहिऱ्याउने भन्दा पराजयको भारी बोकाउने चुनावी अभ्यासले तीव्रता पाएको छ । उसबेला मुलुकभर नेकपाको जगजगी थियो । यता मधेश प्रदेशमा संघीय समाजवादी र राजपा मिलेर मधेश आन्दोलनका माग र उपलब्धी सम्बोधन गर्ने प्रतिवद्धता चुनावी मैदानमा व्यक्त भएका थिए । अहिले मधेशवादी आपसमै भिड्दै छन् । नेकपा टुक्रिएर एमाले, समाजवादी र माओवादीमा विभाजित छ ।

### उपेन्द्र, जयप्रकाश र सीके

जसपा अध्यक्ष उपेन्द्रका सामु दुईटा उम्मेदवार भारी परेको देखिन्छ । एकातिर लोसपाका उम्मेदवार जयप्रकाश ठाकुर जसलाई सत्ता गठबन्धनको साथ समर्थन छ । अर्को तर्फ मधेशलाई अलग राज्य बनाउनु पर्दछ भन्ने चर्को माग सहित मधेश आन्दोलनसँगै उदाएका जनमत पार्टीका अध्यक्ष सीके राउत मैदानमा छन् । ठाकुरको सत्ता गठबन्धनको कवच र सीकेको जुझारु राजनीतिक गतिविधि उपेन्द्र सामु प्रमुख चुनौती हुन् । सीके निर्वाचन क्षेत्रकै निवासी हुन्, ठाकुर पनि सोहि निर्वाचन क्षेत्रका हुन् । उता उपेन्द्रलाई भने 'फिरङ्गी' उम्मेदवारको आरोप लगाइदैं छ । संविधानसभा निर्वाचनहरुमा उपेन्द्र सुनसरी र मोरङ्गबाट उम्मेदवार बनिसकेका छन् । सतहको राजनीतिमा उपेन्द्रलाई एमालेको साथ छ । तर, एमाले आफैं दुई नम्बर क्षेत्रमा प्रभावकारी मानिदैंन । तर, राजनीतिक वृत्तमा उपेन्द्रले माओवादी अध्यक्ष पुष्पकमल दाहालसँग साँठगाठ गरेको चर्चा राजविराजमा सुनिन्छ । यस अघिको चुनावमा उपेन्द्रका प्रतिस्पर्धी तत्कालीन नेकपाका उम्मेदवार उमेश यादव यस पटक प्रतिनिधीसभाको उम्मेदवार छैनन् । उनी माओवादीको चुनाव चिन्हमा सत्ता गठबन्धनको उम्मेदवारको रुपमा दुई 'क'बाट प्रदेशसभा सदस्यको उम्मेदवार छन् । उम्मेदवारी दिने अन्तिम समयमा एमालेसँग चुनावी गठबन्धन गरेका उपेन्द्रले माओवादी अध्यक्षसँगको परामर्शमा सप्तरी दुईबाट उम्मेदवारी दिएको विश्लेषण गरिदैंछ । त्यसो त राज्य विद्रोहको आरोप लागेका सीकेलाई खुला राजनीतिमा ल्याउने एमाले अध्यक्ष केपी शर्मा ओली यादव र राउतलाई लडाउने पक्षमा थिएनन् । ओलीले उपेन्द्रलाई सप्तरीको एक नम्बरबाट उम्मेदवार बन्न सुझाएको बुझिन्छ । जानकारहरुका अनुसार उपेन्द्र अटेरी गदै दुई नम्बरमा उम्मेदवार भएका हुन् । सीकेले मधेशवादी दलका नेताहरुलाई पत्राचार गरेर नै सप्तरी दुई आफ्ना लागि सुरक्षित राखिदिन आग्रह नै गरेका थिए । अहिले सीकेका भाषण र क्रियाशिलता उपेन्द्रका लागि प्रमुख चुनौती बनेको देखिन्छ ।

वरिष्ठ अधिवक्ता अवधेश कुमार सिंह उपेन्द्र यस पटक एजेण्डा विहिन बनेको विश्लेषण गर्दछन् । स्थानीय चुनावको मत परिणाम अनुसार कांग्रेस, लोसपा र माओवादीले पाएको मत एमाले जसपा भन्दा १२ हजार बढी रहेको तर्क गर्दै सिंह भन्छन् ' यहाँ सीकेको चर्चा छ, पर्चामा आउने हुन् वा होइनन्, समयले देखाउँछ ।'

सप्तरीको सदरमुकाम राजविराजमा उपेन्द्रले मतदाताको अपमान गरेको चर्चा सुनिन्छ । संविधान जारी भएपछिको मधेश आन्दोलन र नाकाबन्दीको राजनीतिमा एमाले अध्यक्ष केपी शर्मा ओलीको सप्तरी कार्यक्रमले यहाँका पाँचजनाले बलिदान दिएको ताजा इतिहास छ । ओलीलाई सप्तरीमा कार्यक्रम गर्न नदिने संघीय समाजवादी फोरमले घोषित कार्यक्रम राखेको थियो । फोरमका कार्यकर्ता र ओलीका समर्थकबीच भिडन्त हुने भयले राज रंगशालामा आयोजना गर्ने भनिएको कार्यक्रम सुरक्षा निकायले औद्योगिक क्षेत्रमा सारेको थियो । कडा सुरक्षाबीच २०७३ फागुन २३ गते ओलीले सम्बोधन गरेर कार्यक्रमबाट बाहिरिन लाग्दा फोरमका कार्यकर्ता र प्रहरीबीच भिडन्तमा प्रहरीको गोलीबाट कार्यक्रम स्थल भन्दा करिब तीनसय मिटर दक्षिण मलेठ भिडन्तमा ५ जनाको ज्यान गएको थियो । मलेठ घटनामा सहादत प्राप्त गरेका कार्यकर्ताहरुको तेह्रौं पुण्य तिथिमा सप्तरीमा भिन्न भिन्न मधेशवादी दलका नेताहरु भेला भएका थिए । सोही भेलाले संघीय समाजवादी फोरम र मधेशवादी अन्य दल राजपामा गोलबन्द हुने प्रारुप बनाएर मधेशवादी दलको एउटै मोर्चा बनेको थियो । मधेशवादीको सिंगो मोर्चा चुनावमा होमिएको थियो । मधेशवादी दलले प्रदेशसभाका ६४ सिट मध्ये ५४ सिट जितेका थिए भने प्रतिनिधीसभामा मधेश प्रदेशका ३२ सिट मध्ये १९ सिट उनीहरुकै पोल्टामा परेको थियो ।

मधेश आन्दोलनको रापताप, मलेठ घटना लगायतका अनुकूल राजनीतिक माहौलबीच उपेन्द्रको सानदार विजय भएको थियो । 'मलेठ घटनाको तातो रगत सुक्न नपाउँदै उपेन्द्र

*बाँकी पृष्ठ ६ मा*

# वीरगंज उद्योग वाणिज्य संघ र भियतनाम चेम्बर अफ कमर्सबीच सम्झौता

**मधेशदृष्टि**
**वीरगंज, कात्तिक २३**

वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष डा.सुबोध कुमार गुप्ताको नेतृत्वमा रहेको व्यापारिक भ्रमण प्रतिनिधि मण्डलले बुधबार भियतनाम चेम्बर अफ कमर्श एण्ड इण्डष्ट्रीका पदाधिकारीहरुसँग दुई पक्षीय व्यापार विस्तारका सम्बन्धमा छलफल गरेको छ ।



सो अवसरमा द्विपक्षीय व्यापार विस्तार, पर्यटन प्रबर्द्धन, आपसी सहयोग र सद्भावको लागि दुवै पक्षले सम्झौता पत्र (एमओयु) मा हस्ताक्षर गरेका छन् । सम्झौता पत्रमा वीरगंज उवासङ्घको तर्फबाट अध्यक्ष डा. गुप्ता र भियतनाम उवासङ्घका तर्फबाट महानिर्देशक ट्रान न्गोक लिएमले हस्ताक्षर गरेका छन् । सम्झौता पत्रमा दुवै संस्थाले व्यावसायिक गतिविधि, लगानी, प्रविधि हस्तान्तरण, सेवा तथा अन्य आपसी हित हुने व्यावसायिक क्षेत्रको प्रबर्द्धनको लागि सहजीकरण गर्ने कुरा उल्लेख छ ।

सम्झौतामा दुवै राष्ट्रका व्यापारिक भ्रमण टोलीलाई सक्दो सहयोग गर्ने तथा व्यापारिक प्रदर्शनी, मेला, सेमिनारहरुमा दुवै राष्ट्रले सहभागिता जनाउने र आवश्यकतानुसार दुवै संस्थाको संयुक्त बैठक गर्ने कुराहरु उल्लेख गरिएको छ ।

*बाँकी पृष्ठ ६ मा*

# चिया पसलमा तीन सय सर्वसाधारणको नि:शुल्क स्वास्थ्य परीक्षण

**मधेशदृष्टि**
**वीरगंज, कात्तिक २३**

वीरगञ्जको आर्दशनगरस्थित चिया पसल र चोकमा बसेका तीन सय सर्वसाधारण तथा चिया पारखीहरुको आज नि:शुल्क स्वास्थ्य परीक्षण गरिएको छ । रुँगटा वेल फेयर सोसाइटी वीरगञ्ज पर्साको सहयोग तथा सामुदायिक प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत ग्रिनसिटी सामुदायिक सेवा केन्द्र, ग्रिनसिटी सामुदायिक प्रहरी सेवा केन्द्र, वीरगञ्ज सामुदायिक आँखा हस्पिटल र प्रभु हस्पिटल वीरगञ्जको संयुक्त आयोजनामा स्वास्थ्य परीक्षण गरिएको थियो ।

ग्रिनसिटी सामुदायिक सेवा केन्द्रको विशेष पहलमा वीरगञ्ज महानगरपालिका वडा नं. १० आर्दशनगर स्थित चिया पसलहरुमा निशुल्क स्वास्थ्य शिविर र निशुल्क औषधी वितरण कार्यक्रम गरिएको ग्रिन सिटी सामुदायिक संस्थाका अध्यक्ष जयप्रकाश खेतानले बताउनुभयो । विहान ७ बजे देखि शुरु भएको घुम्ती शिविरमा तीन सय जनाको स्वास्थ्य परीक्षण गरिएको थियो ।



एकसय २० जना महिला र एकसय ७० जना पुरुषको स्वास्थ्य परिक्षण गरि औषधी समेत निशुल्क उपलब्ध गराईएको रुंगटा वेल फेयर सोसाइटीका अध्यक्ष सुरेश कुमार रुंगटाले बताउनुभयो । ग्रिनसिटी सामुदायिक केन्द्र आदर्शनगरका अध्यक्ष जयप्रकाश खेतानको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायव उपरिक्षक दिपक गिरी, वीरगञ्ज सामुदायिक आखाँ अस्पतालका प्रमुख महेश सिंह धामी, व्यवस्थीत वीरगञ्जका संयोजक दिलिपराज कार्की, प्रभु अस्पतालका डाक्टर अजय साह लगायतको उपस्थिती रहेको थियो ।

स्वास्थ्य शिविरमा मधेश प्रदेशका निवर्तमान खानेपानी मन्त्री ओम प्रकाश शर्मा लगायत उद्योगी व्यवसायी र सर्वसाधरणले आफ्नो स्वास्थ्य परीक्षण गराएका थिए ।



# उम्मेदवारी खारेजीको माग सहित आयोगमा उजुरी

मधेशदृष्टि
जनकपुरधाम, कात्तिक २३

आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा धनुषा क्षेत्र नम्बर-३ बाट सत्तारुढ गठबन्धनका प्रत्यक्ष र समानुपातिक सहितका उम्मेदवारहरुको उम्मेदवारी खारेजीको माग सहित निर्वाचन आयोगमा उजुरी परेको छ ।

धनुषा क्षेत्र नं ३ का प्रतिनिधीसभाका प्रत्यक्ष उम्मेदवार अनिल कुमार झा,समानुपातिक उम्मेदवार विमलेन्द्र निधी र प्रदेशसभा ३ ख का उम्मेदवार परमेश्वर साहविरुद्ध प्रदेश निर्वाचन कार्यालयमा मंगलबार उजुरी परेको हो । गत आइतबार जनकपुरधामस्थित विद्यापति चोकमा सम्पन्न विद्यापति स्मारक पर्वमा प्रमुख अतिथिको



रुपमा कांग्रेस पूर्वउपसभापति बिमलेन्द्र निधि, विशिष्ट अतिथिमा प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार अनिलकुमार झा र ३ (ख)का प्रदेशसभा सदस्य पदका उम्मेदवार परमेश्वर साह सहभागी थिए । उनीहरुले निर्वाचनको बेलामा सम्मान गरेर कार्यक्रममा बोलाउँदा पार्टीको नारा लगाएर आचारसंहिता उल्लंघन गरेको भन्दै विद्यापति स्मारक पर्वका संरक्षक चन्द्रमोहन चौधरीले निर्वाचन कार्यालयमा उजुरी दिएका हुन् । चौधरीले गठबन्धनका उम्मेदवारहरुले भिडियो क्लिप बनाएर सामाजिक सञ्जालमा शेयर गरी आफ्नो चरित्र हत्या गरेको चौधरीले दर्ता गराएको उजुरीमा उल्लेख छ । चौधरीले उनीहरुको उम्मेदवारी खारेजी हुनुपर्ने मागसमेत गरेका छन्। चौधरीले सो कार्यक्रम राजनीतिक उद्देश्य अथवा प्रचारप्रसार गर्ने उद्देश्यले नभएको र सो कार्यक्रममा आफूलाई समितिको पूर्वसंयोजकको हैसियतले आमन्त्रण गरिएको बेलामा कार्यक्रमको दृश्य, तस्बिर लगायतलाई भिडियो रिमिक्स बनाएर आफ्नो पार्टी र गठबन्धनको प्रचारप्रसारमा प्रयोग गरेकोप्रति आफ्नो ध्यानाकर्षण भएको बताए । उनले आफु स्वतन्त्र व्यक्ति रहेको तर सो कार्यक्रममा आफु पनि सहभागी भएको केहि दृश्यहरुलाई उनीहरुले रिमिक्स भिडियो बनाएर मेरो चरित्र हत्या गर्ने प्रयास गरि निर्वाचनको निम्ति प्रचारप्रसार गरेको प्रति खेद समेत व्यक्त गरेका छन्।

# मतदाता शिक्षासँगै भोट माग्दै स्वतन्त्र उम्मेदवार रवि

मधेशदृष्टि
रौतहट, कात्तिक २३

रौतहटको निर्वाचन क्षेत्र न.४ को (ख) प्रदेशसभाका स्वतन्त्र उम्मेदवार रवि जयसवालले चुनाव प्रचार-प्रसारमा घरदैलो कार्यक्रमसँगै मतदाता शिक्षा दिदैछन् ।

युवादेखि सम्पूर्ण उमेर समूहका नागरिकका समस्यालाई क्षेत्रबाट व्यवस्थित तरिकाले सम्बोधन गर्दै नमुना क्षेत्रका रूपमा विकास गर्न आफू तयार रहेको उनले बताए । घरदैलो तथा जनभेटघाट कार्यक्रममा जिप छाप लिएर चुनावमा होमिएका रविले जनताका समस्या गुनासो सुन्ने काम भैरहेकाले निर्वाचित भएपछि सोहि अनुसार काम गरिने बताए ।

आफ्नो मुख्य एजेण्डा शिक्षा र स्वास्थ्य पूर्ण रुपमा निशुल्क र गुणस्तरीय बनाउनुको साथै भौतिक विकासलाई पनि सँगै लिएर जाने भएकोले यस क्षेत्रको लागी आफ्नो जित अति-आवश्यक रहेको उनी दाबी गर्छन् ।महिलालाई रोजगारीको लागि शिपमुलक तालिमको व्यवस्था,स्थानीय स्तरमा रोजगारी सिर्जना गरी बेरोजगारी हटाउने योजना रहेको रविले बताए ।

क्षेत्रमा देखिएको विकासको बेथिती हटाएर भौतिक पुर्वाधार



निर्माण लगायत विकासको समृद्ध क्षेत्र बनाउने रविले माध्यमले क्षेत्र न.४(ख) लाई बताए ।

# स्वतन्त्र उम्मेदवार साहको प्रतिबद्धतापत्र सार्वजनिक

मधेशदृष्टि
जनकपुरधाम, कात्तिक २३

आसन्न प्रतिनिधीसभा तथा प्रदेशसभा निर्वाचनमा धनुषा निर्वाचन क्षेत्र नं. ३ बाट प्रतिनिधि सभामा स्वतन्त्रबाट उम्मेदवारी दिएका उमेश साहले आफ्नो १० बुँदे प्रतिबद्धतापत्र सार्वजनिक गरेका छन् । जनकपुरधाममा बुधवार प्रचारप्रसार समितिको कार्यालय उद्घाटनसँगै साहले आफ्नो १० बुँदे प्रतिबद्धतापत्र सार्वजनिक गरेका हुन् । विकास, शान्ति र सुशासन, आर्थिक वर्ष चैत्र मसान्त हुनुपर्ने, युवा



जनशक्तिलाई विदेश पलायनबाट रोक्न स्वदेशमै रोजगारी सृजना गर्ने, वर्षौदेखि बन्द गरिएको उद्योग तथा कलकारखाना पुनः सञ्चालनमा ल्याउन, भ्रष्टाचारलाईसमाप्त गर्न अख्तियार जस्ता सरोकारवाला निकायलाई मजबुत तथा स्वायतता प्रदान गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने लगायतका कार्यक्रम छन् । कार्यालय उद्घाटन कार्यक्रममा स्वतन्त्र उम्मेदवार साहले जनताको चाहना र भावना अनुसार आफूले उम्मेदवारी दिएको बताएका छन् । साहले राजनीतिलाई वृद्धाआश्रम नबनाउन आग्रह गर्दै उमेर पुगीसकेकाहरुले युवाहरुलाई नेतृत्व दिएर आफनो बाँकी उमेर आफनो जीवनमा गरेका उपलव्धीहरुको विषयमा विश्लेषण गर्नुपर्ने वताए । उनले शान्तिका दूत परेवालाई उडाएर निर्वाचन लक्षित प्रतिबद्धतापत्र सार्वजनिक गरेका छन ।

# जनताले न्याय गर्नेछन्: जनमत उम्मेदवार साह

मधेशदृष्टि
जनकपुरधाम, कात्तिक २३ गते

धनुषा क्षेत्र नं. १ मा जनमत पार्टीबाट प्रतिनिधिसभामा उम्मेदवार किशोरी साह कमलले एमालेले आफूसँग गरेको अन्यायको न्याय जनताले आउंदो निर्वाचनमा गर्नेछन बताएका छन ।

बुधवार वुद्धिजीविहरुसंगको छलफल र हंसपुरमा गरेको घरदैलोको क्रममा कमलले आफू लामो समयसम्म एमालेमा राजनीति गरे तर आफूसँग अन्याय गरियो । एमालेले गरेको अन्यायको न्यायका लागि आफू जनतामाझ चुनावमा होमिएका भने । पांच दलीय सत्तारुढ गठबन्धनबाट सांसद समेत रहेका पुर्वमन्त्री मातृका प्रसाद यादव र नेकपा एमाले-जसपा नेपाल गठबन्धनबाट दिपक कार्की उम्मेदवार छन । सो क्षेत्रमा एमाले त्यागेर जनमतबाट उम्मेदवारी दिएका कमलले जनताको घर घरमा पुगेर आफ्नो एमालेले आफूसँग अन्याय गरेको भन्दै न्यायका लागि आफू जनतामाझ आएको भनी मत मागिरहेका छन् ।

दुई गठबन्धनका बिचमा प्रतिष्पर्धी रहेका कमल एमालेबाट टिकट नपाएपछि जनमतबाट उम्मेदवार बनेका हुन । उनी भन्छन् यहाँका



हरेक जनतालाई मेरो लगानी र गरेको विकासका कामहरु बारे थाहा छ, जनताले मलाई यो निर्वाचन मार्फत न्याय दिनेछन ।

कांग्रेसको बाहुल्यता हुदा हुदै पनि कांग्रेस सिद्रान्त र गतिहिन भएको, एमालेले जेनुन नेतासंग अन्याय गरेको र मधेशवादी दलले सत्ता र स्वार्थको मात्र खेती गरेको कुरा जनताले बुझेको परिपेक्षमा आफू क्षेत्रवासीका लागि उत्तम विकल्प रहेको कमलको दाबी छ । बाहुल्यता हुदा हुदै पनि कांग्रेस, एमाले र माओवादीले क्षेत्रका लागि केहि गर्नु भन्दा पनि जनतालाई आफनो कब्जामा राखेर अस्वभाविक काम गर्न बाध्य बनाएको परि स्थितीले आफू विजयी हुनेछु उनको विश्वास छ ।

# आचारसंहिता विपरीतका झन्डा र ब्यानर हटाइयो

राजविराज, कात्तिक २३

राजनीतिक दलहरुले आचारसंहिता विपरीत सप्तरी क्षेत्र नं २ स्थित राजविराज नगरपालिका क्षेत्रमा राखेका झन्डा, तुल, ब्यानर, झन्डाका तोरण र पोष्टर हटाउन थालेको छ ।

सहरको स्वरुप नै बिग्रने गरी आचारसंहिता विपरीत प्रचार सामग्री राखिएको उजुरी बढेपछि निर्वाचन अनुगमन टोलीले ती सामग्री हटाउन थालेको हो ।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि चुनावी



प्रचारको चरणमा प्रवेश गर्नासाथ उम्मेदवारहरुबीच प्रचार सामग्री झुन्ड्याउन होडबाजी भएको नागरिक समाजका अध्यक्ष थानसिंह भन्सालीले बताए । राजनीतिक दललाई आचारसंहिता विपरीतका झन्डा, ब्यानर हटाउन पटक पटक निर्देशन दिँदै सर्वदलीय बैठकमा लिखित प्रतिबद्धता गरेर नहटाएपछि अनुगमन टोलीले हटाउन थालेको सप्तरी जिल्ला अनुगमन टोली प्रमुख शरणहरि लुइँटेलले जानकारी दिए । सप्तरीका प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापा, प्रहरी उपरीक्षक अविनारायण काफ्ले, अनुमगमन अधिकृत शरणहरि लुइँटेल, जिल्ला निर्वाचन अधिकारी रमेश जोशीलगायत प्रहरीले प्रचार सामग्री हटाउन थालेको हो । निर्वाचन आचार संहिता २०७९ मा धार्मिक, सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक स्थल वा सार्वजनिक संस्थाको भवन, स्मारक, पर्खाल, सडक, खम्बा वा संरचना लगायतका कुनै पनि सार्वजनिक स्थानमा पर्चा टाँस्न वा टाँग्न निषेध गरिएको छ ।

# सात लाखको अवैध चिनी बरामद

रौतहट, कात्तिक २३

भन्सार छली अवैध रुपमा भित्राईएको सात लाख मुल्य बराबरको चिनी मंगलवार राती सुरक्षाकर्मीले रौतहटबाट पक्राउ गरेको छ । अवैध रुपले भन्सार छलेर नेपाल भित्राईएको चिनी भण्डारण गरी राखेको अवस्थामा सुरक्षाकर्मीले रौतहटको इशनाथ नगरपालिका ४ सानो लतमरी टोलबाट बरामद गरेको हो । विगत केही दिन यता रौतहटको विभिन्न नाकाबाट तस्करी कार्य फस्टाउँदै आएको सूचना प्राप्त भएपछि जिल्ला प्रहरी कार्यालय रौतहटबाट सीमावर्ती इलाकाहरुमा राती गस्ती तीव्र बनाएको थियो ।



भन्सार छलेर अवैध रुपमा भित्राईएको १५९ बोरा चिनी र २५ बोरा पारस डिएपी रसायनिक मल जिल्लाको अज्ञात स्थलसम्म पुरयाउने तयारी भईरहेको अवस्थामा छापामारी बरामद गरेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । त्रिपालले छोपेर राखेको अवस्था तथा लोड गर्ने सवारी पर्खेर बसेको अवस्थामा जिल्ला प्रहरी र प्रहरी चौकी मठियाबाट गएको संयुक्त टोलीले उक्त चिनी बरामद गरेको जिल्ला प्रहरीले जनाएको छ । अवैध समान बरामदको क्रममा कुनै तस्कर वा व्यापारी पक्राउ नपरे पनि बरामद समानको मुल्य सात लाख रहेको प्रहरीको भनाई रहेको छ । बरामद समानलाई आवश्यक कारबाहीका लागि गौर भन्सार कार्यालयमा दाखिला गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

# हरिवन जेसिजले सप्ताहव्यापी कार्यक्रम गर्ने

सर्लाही कात्तिक २२

हरिवन सिटि जेसिजले जेसिज सप्ताह २०२२ अन्तर्गत विभिन्न कार्यक्रमहरु गर्ने भएको छ ।पत्रकार सम्मेलन गरि जेसिजले कार्यक्रमबारे जानकारी गराएको हो । जेसिजका संस्थापक अध्यक्ष विनोद महत, उपाध्यक्ष निरज कार्की, महासचिव श्रवण भट्टराई लगायत पदाधिकारीले कार्यक्रमबारे जानकारी दिएका छन् ।

आगामी विहिबार उद्घाटन तथा हरिवन बजार स्थित पूर्व-पश्चिम राजमार्गको ३ स्थानमा जेब्रा क्रसिङ पेण्ट गर्ने, शुक्रबार हरिवनको कैलाशपुरी स्थित मानव सेवा आश्रममा खाद्यान्न सहयोग गर्ने, लागूऔषध दुर्व्यसनी विरुद्ध सचेतना कार्यक्रम गर्ने, अशक्त भोज




बहादुर मगरलाई सहयोग गर्ने, शनिबार हरिवन बजारमा रक्तदान कार्यक्रम तथा पत्रकारहरु र जेसिहरुबीच मैत्रिपूर्ण फूटबल प्रतियोगिता आयोजना गर्ने र आईतबार पुरस्कार वितरण सहित भव्य रूपमा समापन कार्यक्रम गरिने हरिवन सिटि जेसिजका अध्यक्ष महतले जानकारी दिए।

## विदेशी विनिमय दर

**Fixed Rate**

| Currency | Unit | Buying | Selling |
|---|---|---|---|
| Indian Rupee (INR) | 100 | 160 | 160 . 15 |

**Open Market Rates**

| Currency | Unit | Buying | Selling |
|---|---|---|---|
| USD (U.S. Dollar) | 1 | 130.78 | 131.38 |
| EUR (European Euro) | 1 | 130.78 | 131.38 |
| GBP (UK Pound Sterling) | 1 | 150.06 | 150.75 |
| CHF (Swiss Franc) | 1 | 132.23 | 132.84 |
| AUD (Australian Dollar) | 1 | 84.72 | 85.11 |
| CAD (Canadian Dollar) | 1 | 96.88 | 97.33 |
| SGD (Singapore Dollar) | 1 | 93.26 | 93.69 |
| JPY (Japanese Yen) | 10 | 8.94 | 8.98 |
| CNY (Chinese Yuan) | 1 | 18.03 | 18.11 |
| SAR (Saudi Arabian Riyal) | 1 | 34.79 | 34.95 |
| QAR (Qatari Riyal) | 1 | 35.63 | 35.79 |
| THB (Thai Baht) | 1 | 3.51 | 3.52 |
| AED (UAE Dirham) | 1 | 35.61 | 35.77 |
| MYR (Malaysian Ringgit) | 1 | 27.61 | 27.74 |
| KRW (South Korean Won) | 100 | 9.48 | 9.53 |
| SEK (Swedish Kroner) | 1 | 12.06 | 12.12 |
| DKK (Danish Kroner) | 1 | 17.58 | 17.66 |
| HKD (Hong Kong Dollar) | 1 | 16.66 | 16.74 |
| KWD (Kuwaity Dinar) | 1 | 422.91 | 424.85 |
| BHD (Bahrain Dinar) | 1 | 346.95 | 348.54 |

## २०७९ कातिक २४ गते, विहिवार, १० नोभेम्बर २०२२ को राशिफल

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज धैर्य एवं लगनशीलताले अवसर दिलाउनेछ । पराक्रम बढ्नुका साथै पारिवारिक सुख मिल्नेछ । विश्वास गरेकाले साथ पनि दिनेछन् ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज मनमा दुबिधा उत्पन्न हुनेछ । मानसिक चिन्ता बढ्नेछ । मालसामान हराउन सक्छ । नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
आज कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । मनमा उत्साहका साथै बोली बिक्ने समय छ । लगनशीलताले कामहरू अगाडि बढ्नेछन् ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
चिताएको कामले तीव्रता लिनेछ । वित्तिय संस्थाबाट सहयोग पाइएला । चलाखीपूर्ण बोलीले काम सफल हुनेछ । शुभ समाचार सुन्नमा आउला ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । आफन्तको सहयोग प्राप्त हुनेछ । व्यापारमा वृद्धि हुनुका साथै सामाजिक प्रतिष्ठा मिल्नेछ ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आफूलाई कमजोर भएको अनुभूति हुनेछ । गरेका कार्यमा ढिलासुस्ती हुनेछ । शत्रुपक्ष भने सबल रहने भएकाले सजग रहनु उचित हुनेछ ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज स्वादिष्ट भोजन पाइनेछ । प्रेममा मधुरता छाउनेछ । वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
धार्मिक सामाजिक कार्यमा विशेष रुचि रहनुका साथै सामाजिक पदप्रतिष्ठा प्राप्त हुने देखिन्छ । धर्मकर्ममा मन लाग्नेछ । शुभ समाचार सुन्न पाइएला

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
परीक्षा आदि प्रतिस्पर्धामा उत्तीर्ण हुन सकिनेछ । विद्यामा सफलता पाइएला । अरुलाई प्रभावित पारेर काम बन्नेछ । वाहन सुख पनि मिल्नेछ ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज स्थान परिवर्तनका विशेष योग देखिन्छन् । लगानीको वातावरण बन्नेछ । मनोरञ्जनमा सहभागी भइएला । साँझमा पैसा खर्च हुने योग छ ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
आज धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ । चिताएको कामले तीव्रता लिनेछ । व्यापार व्यवसायबाट पनि विशेष लाभ हुने देखिन्छ ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
सामाजिक कार्यमा रुचि जाग्नुका साथै यात्राको योग पनि देखिन्छ । साथी भाइको भेटघाटले मन प्रफुल्ल रहला । प्राविधिक काम पूरा हुनेछन् ।

## ☎☎ महत्वपूर्ण टेलिफोन नम्बरहरु ☎☎

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## संक्षिप्त सामाचार

### रुपेशमानको विन्दवासिनीमा मतदाताहरुसँग भेटघाट

मधेशदृष्टि - वीरगन्ज, २३ कात्तिक

पर्सा क्षेत्र नम्वर २ (ख) का स्वतन्त्र उम्मेद्वार रुपेशमान सिंहले आज बिहान विन्दवासिनीमा घरदैलो गर्दै मतदातासँग भेटघाट गर्नुभएको छ । वीरगन्ज महानगरपालिका वडा नम्वर १९ मा रहेको विन्दवासिनी मन्दिरबाट घरदैलो अभियान सुरु भएको थियो । सो अवसरमा स्थानीय मतदाताले विगतमा परिक्षण भइसकेकाहरुबाट आफूहरुको क्षेत्र विकास हुन नसकेको भन्दै अब स्वतन्त्रलाई मतदान गरेर विजयी गराउने प्रतिबद्धता जनाएका छन् । घरदैलो कार्यक्रममा स्वतन्त्र उम्मेद्वार सिंहले आफूले यस क्षेत्रको विकास र यहाँका नागरिकको जनजीविकाका लागि दृढ संकल्प लिएर हिँडेको भन्दै आफूले गरेको प्रतिबद्धता पूरा गर्न जनमतको आवश्यकता रहेको कुरामा जोड दिनुभयो । उहाँले अहिले देशले नै परिवर्तन खोजिरहेको भन्दै त्यसका लागि स्वतन्त्र उम्मेद्वारलाई जिताएर पठाउनु आवश्यक रहेको बताउनुभयो ।

### रमेश रिजालको धोविनीमा घरदैलो

मधेशदृष्टि - वीरगन्ज , २३ कार्तिक ।

पर्सा क्षेत्र नम्वर ४ का सत्ता गठबन्धनका प्रतिनिधिसभा सदस्य उम्मेद्वार रमेश रिजालले आज पर्साको धोबिनी गाउँपालिकाको विभिन्न स्थानमा घरदैलो गर्नु भएको छ । घरदैलोको क्रममा कांग्रेस केन्द्रीय सदस्य समेत रहेका नेता रिजाललाई भिखमपुर पिपराका मतदाताले स्वागत गरेका थिए । मतदातासँगको भेटका क्रममा नेता रिजालले आफूले यस क्षेत्रको लागि निरन्तर काम गर्दै आएको र अहिले मौका दिएर पठाए यहाँको विकासमा कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले अहिलेको लडाई संविधान र संघीयता विरोधीसँग रहेकाले त्यसलाई तह लगाउन पनि आफ्नो जित आवश्यक रहेकाले सबैलाई विचार पुर्‍याएर मतदान गर्न रिजालको आग्रह थियो । घरदैलो कार्यक्रममा कांग्रेस जिल्ला प्रवक्ता रमेश पाण्डे, जगरनाथपुर गाउँपालिकाका अध्यक्ष श्रीकान्त यादव, क्षेत्रीय सचिव बलिष्टर अहमद लगायत नेता कार्यकर्ताको उल्लेख्य उपस्थिति रहेको थियो ।

### मधु गुप्ताले सार्वजनिक गरिन चुनावी प्रतिवद्धता पत्र

मधेशदृष्टि- वीरगन्ज,२३ कार्तिक ।

पर्सा क्षेत्र नं. ३ (ख) मा प्रदेशसभा सदस्य उम्मेदवार डा. मधु गुप्ता कुर्मीको चुनावी प्रतिवद्धता पत्र सार्वजनिक भएको छ । वीरगन्ज स्थित नेपाल पत्रकार महासंघको सभाहलमा बुधबार बिहान आयोजित कार्यक्रममा जसपाङएमाले गठबन्धनकी साझा उम्मेदवार डा. गुप्ताले आफनो चुनावी प्रतिबद्धता पत्र सार्वजनिक गर्नु भएको हो । डा. गुप्ताले आफ्नो प्रतिवद्धताको पहिलो बुँदामै अधिकार आन्दोलनका शहिद तथा घाइते प्रति उच्च सम्मान र उनीहरूका परिवारका लागि शिक्षा, रोजगारी र जीवनयापनको योजना ल्याएको बताउनु भएको छ । उहाँले सुशासन प्रत्याभूतिलाई शासनको मुख्य आधार बनाउने र त्यसका लागि आवश्यक नीति तथा नियम निर्माणमा सक्रिय रहने दावी गर्नु भएको छ । पर्साका बासिन्दालाई सार्वजनिक सेवामा सहजताका लागि पर्साको पोखरियामा जिल्ला प्रशासन र मालपोत कार्यालयको सेवा केन्द्र खोलिने ,समृद्धिको सूत्राधार शिक्षामा सबैको समान पहुँच र अधिकारको प्रत्याभूति गरिने , शिक्षामा छोरीको समान सहभागिताको लागि छात्रामैत्री शैक्षिक प्रणालीको व्यवस्था मिलाइने र कन्या विद्यालयको स्थापना गरिने प्रतिवद्धता डा. गुप्ताले गर्नुभएको छ । जसपाका राजनीतिक समिति सदस्य एंव निवर्तमान सांसद हरिनारायण रौनियारको अध्यक्षतामा भएको कार्यक्रममा एमालेकी केन्द्रिय सदस्य निर्मला देवकोटा, पर्सा क्षेत्र नम्बर ३ का क्षेत्रीय अध्यक्ष नागेन्द्र यादव, ३ को (ख) का अध्यक्ष पवन सिंह लगायतको पनि सहभागिता थियो ।

### स्वतन्त्र उम्मेदवार अजय द्विवेदी जनताको घरदैलोमा

मधेशदृष्टि- बीरगंज २३ कार्तिक ।

पर्साको क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्यका स्वतन्त्र उम्मेदवार अजय द्विवेदीले वीरगञ्ज महानगरपालिकाको वडा नम्बर ४ गणेशमान चौक र १३ राधेमाई, तेजारथटोलमा घरदैलो कार्यक्रम गर्नु भएको छ । द्विवेदीले आज साझ गणेशमान चौकमा घरदैलो गर्दा सर्वसाधारणको उत्साहजनक उपर्सथिति रहेको थियो । यसैगरि आजै उम्मेदवार दुबेदिले वीरगञ्ज-१३ राधेमाई, तेजारथटोलमा घरदैलो गर्दै आफ्नो पक्षमा मतदान गर्न आग्रह गर्नुभयो । देशमा परिवर्तन ल्याउन पार्टीको राजनीति भन्दा माथि उठ्नु पर्ने बताउँदै विभेदले अबको मार्ग स्वतन्त्रहरुले तय गर्ने तर्क दिँदै आफ्नो पक्षमा मतदान गर्न मतदाताहरुलाई आग्रह गर्नुभयो । घरदैलो कार्यक्रममा महिला नेतृ डा.सुष्मा तिवारी, अरविन्द गुप्ता, रामअयोध्या साह लगायतको सहभागिता रहेको थियो ।

# सिरहा तीनमा पूर्वमन्त्रीहरुबीच कडा प्रतिस्पर्धा

मधेशदृष्टि
सिरहा, कात्तिक २३

आगामी मंसिर ४ गते हुनगईरहेको प्रदेश तथा प्रतिनिधीसभाको निर्वाचनमा सिरहा क्षेत्र नम्वर तीनमा सत्ता गठन्धन र नेकपा एमाले, जसपा गठबन्धनको कडा प्रतिस्पधा हुने भएको छ। प्रतिनिधि सभामा बाम-लोकतान्त्रिक गठवन्धनका तर्फबाट नेकपा माओवादीका स्थायीसमिति सदस्य विश्वनाथ साह र नेकपा एमाले-जसपा गठवन्धनका तर्फबाट नेकपा एमालेका पोलिटव्यूरो सदस्य लीलानाथ श्रेष्ठबीच कडा प्रतिस्पर्धा हुने देखिएको हो।

यस क्षेत्रको ४१ वडामा गत स्थानीय तह निर्वाचनमा एमाले-जसपाले प्राप्त गरेको मत परिणामको आधारमा अगाडी रहेकोले आफ्नो जित सुनिश्चित रहेको पूर्वमन्त्री समेत रहेका श्रेष्ठले बताउँदै आएका छन्।

यता पाँचदलिय बाम-लोकतान्त्रिक गठवन्धनका उम्मेदवार साह नेकपा (माओवादी केन्द्र), नेपाली काँग्रस र एकीकृत समाजवादीको मतान्तर धेरैनरहेको र जसपा गठबन्धनमा देखिएको असन्तुष्टले आफ्नो जित सुनिश्चित वनाएको बताउँछन्।





नेकपा एमाले जसपा गठवन्धनले उत्तर दक्षिणको उम्मेदवार मिलाउन नसकेको र आफ्नै पार्टीभित्र असन्तुष्टि चुलिएकाले स्थानीय तहको मतलाई आधार मान्न सकिने अवस्था नरहेको जानकारहरु बताउँछन्। एमाले-जसपा गठवन्धनले सिरहा ३ प्रदेश 'ख' उम्मेदवार सिरहा पालिकाभित्रका उम्मेदवार दिन नसकेकोले पनि पार्टीभित्र असन्तुष्टि छ। यो गठवन्धनमा प्रतिनिधी र प्रदेशसभा दुवै उम्मेदवार सिरहा ३ प्रदेश 'ख' भन्दा वाहिरका रहेका छन्। सिरहाको निर्वाचन क्षेत्र नम्वर तीनमा गोलबजार नगरपालिकाको १२ वडा, नरहा गाउँपालिकाको १ र २ वडा, विष्णुपुर गाउँपालिकाको १ र ५, अर्नमा गाउँपालिकाको १, २ र ३ बटा र सिराहा नगरपालिकाका २२ वटै वडा गरी ४१ वडा पर्दछ।

गत स्थानीय तहलाई आधारमान्दा सत्ता गठवन्धनका वडा अध्यक्षहरुले जम्मा ३४ हजार ५४ मत प्राप्त गरेका थिए। जसमध्येय नेकपा माओवादी केन्द्रले नौं हजार ५७१, नपाली काँग्रेसले १८ हजार १६, नेकपा एकीकृत समाजवादीले ६ हजार २१० र तमलोपाले २५७ प्राप्त गरेको थियो।

एमाले-जसपा गठबन्धनको पक्षमा ३४ हजार ८३० मत खेको थियो। जसमध्येय नेकपा एमालेले २० हजार १३७ र जसपाको १४ हजार ६९३ मत प्राप्त गरेको थियो।

दुवै गठवन्धनको स्थानीयमा पाएको मतान्तर धेरै फाराकिलो देखिन्न। बाम लोकतान्त्रिक गठवन्धनभन्दा एमाले जसपा गठवन्धन ७७६ मतले अगाडी देखिन्छ । स्थानीय तहको मतको आधारमा श्रेष्ठ बलियो देखे पनि पार्टीभित्रको असन्तुटी, बागि उम्मेद्वारी, यहि क्षेत्रबाट २०७४ को निर्वाचनमा निर्वाचित भएकाले 'एन्टी' मत अर्को उम्मेद्वारलाई पर्नसक्ने सम्भावना पनि उत्तिकै रहेको अनुमान छ ।

दक्षिणी भेगबाट गत भदौ ३१ गते सिरहामा ओली आएर एमाले प्रवेश गराएका गोपाल यादव र सिराहाका नगरप्रमुख नवीन कुमार यादवका भाई प्रवीण कुमार यादवले प्रदेशमा स्वतन्त्र उम्मेदवारी दिएकाले श्रेष्ठलाई चुनौती थपीएको छ।

स्थानीय तहको मत परिणामका आधारमा दुवै उम्मेदवार उत्तिकै बलियो भएकाले अहिले नै कुनै एक उम्मेदवारले जित्ने अडकलबाजी गर्न हतार हुने बुद्धिजीविहरुको मत छ।

सिराहा तीन प्रदेश 'क' मा नेपाली काँग्रेसको तर्फबाट रामसगुन यादवले उम्मेदवारी दिएका छन्। मनोनयनकै दिन जसपाबाट पार्टी प्रवेश गराएर मनोज सिंहलाई नेकपा एमालेले उम्मेदवार बनाएको छ। यस प्रदेशमा पनि यादव र महतोबीच कडा प्रतिस्पर्धा हुने देखिएको छ । प्रदेशसभका लागि ३ को 'क' बाट नेपाली काँग्रेस, नेकपा एमाले, जनमत सहित ५ पार्टीका र ११ स्वतन्त्रगरी १६ जनाले उम्मेदवारी दिएका छन्।

प्रदेश ३ को 'ख' बाट सता गठबन्धनका प्रमोद कुमार यादवले उम्मेदवारी दिएका छन्। उनी प्रदेश कानुन मन्त्री तथा एकीकृत समाजवादी पार्टीका जिल्ला अध्यक्ष समेत हुन्। एमाले-जसपा गठबन्धनका रेणु कुमारी यादको उम्मेदवारी परेको छ। यहाँ गोपाल प्रसाद यादव र सिरहा नगरपालिकाका मेयर नविन यादबका भाई प्रविन यादबले स्वतन्त्र उम्मेदवारी दिएका छन्। यहाँभने स्वतन्त्र उम्मेदवारको प्रभावपनि उत्तिकै देखिएको छ । २०७४ को निर्वाचनमा नेकपा एमाले-माओवादी गठवन्धनबाट श्रेष्ठ निर्वाचित भएका थिए। यस क्षेत्रमा ७ पार्टीका र १४ स्वतन्त्र सहित २१ जनाको प्रतिनिधीसभा सदस्यको लागि उम्मेदवारी परेको छ ।

# उम्मेदवारसँग मतदाताको गुनासो ५ वर्षमा घरको छानो फेरिएन

शारदा पोखरेल
बारा, कार्तिक २३

कलैया उपमहानगर वडा नं २४ श्रीपुरका बिश्राम महतोलाई ७० वर्षदेखि घरको छानो फेर्न नसकेको चिन्ता छ । आसन्न प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि गाँउमा भोट माग्न आउने सबै उम्मेदवारहरुसँग उनि एउटै गुनासो गर्छन् ।

'खेति गरेर खान जग्गा जमिन छैन्, दैनिक ज्यालादारी गर्नुपर्छ, भएको एउटा फुसको घरपनि छानोपनि फेर्न सकेको छैन्' महतोले भने । घरको छानो फेरिदिन्छु भन्दै नाम लेखेर लगेपनि अहिलेसम्म छानो नफेरिएको उनको गुनासो गरे । 'बुढी मर्यो, एउटा छोरो मर्यो, कान्छो छोरा घर बनाउने मिस्त्रीमा ज्यालादारी काम गर्छ त्यसैबाट बिहान बेलुका पेट पाल्छौ' उनले भने ।

महतोको जस्तै कलैया २४ की गायत्री गिरी पनि सरकारले गाँउमा जस्ता बाँडेको सुनेपनि आफुले नपाएको उम्मेदवारसँग गुनासो गरेकी छिन् । '५० वर्षदेखि फुसको घरमा बस्दै आएको छौं, सरकारले जस्ताको छानो दिएको छ भन्ने सुनेको तर हामीले पाएको छैन्' गिरीले भनिन् 'भर्खरै गाँउमा बिजुली र पानी आएको छ, बाटो अझै बनेको छैन्, वडाध्यक्षले पनि गाँउमा हामी जस्ता गरिव, विपन्नको कुरा सुन्दैन्'

संघिय सरकारको सहयोगमा गरिव,विपन्न तथा दलित परिवारलाई फुसको छानो फेर्ने कार्यक्रम सञ्चालन भएपनि स्थानिय तह मार्फत सो कार्यक्रम कार्यन्वयन हुने भएको असाध्यै ढिलासुस्ती भएको उम्मेदवार रामबाबु यादवले गुनासो गरेका छन् । 'हामीले सबै लिष्ट्र कलैया उपमहानगरमा बुझाईसकेका छौं, तर बजेट अभावको कारण देखाउदै उपमहानगरले काम अगाडी बढाउन सकेको छैन्' यादवले भने ।

संघिय सरकारको कार्यक्रम अर्न्तगत बाराको कलैया उपमहानगर अन्तर्गत रहेका २७ वटा वडाहरुमा मात्रै १ हजार १५३ घरको छानो फेर्ने निर्णय भएकोमा ६५३ घरधुरीले रामबाबु यादवले जनाएका छन् । सरकारले विपन्न तथा दलित परिवारलाई छानो फेर्ने गतवर्ष प्रतिपरिवार ५० हजार र चालु आर्थिक बर्षमा भने २५ हजार बढाएर प्रतिपरिवार ७५ हजार दिदै आएको छ । सो कार्यक्रम कार्यनवयनका लागि वडाले भने घरको छानो फेर्ने कार्यक्रम अर्न्तगत पहिलो किस्ताको रकम निकासा भएपनि काम भए नभएको विषयमा हिसाब फछ्यौट नभएकोले दोस्रो किस्ता रोकिएको बताए ।

'पहिलो किस्तामा ६० प्रतिशत रकम हामीले उपलब्ध गराएका



पहिलो र दोस्रो किस्ताको रकम बुझिसकेको र बाँकी ५ सय घरधुरीको हकमा स्थानिय तह निर्वाचनका कारण रकम निकासा हुन ढिला भएको बारा-३ का निर्वतमान संघिय सांसद तथ्याकं संकलन गर्ने र स्थानिय तह अर्न्तगत कार्यन्वयन हुने भएकोले ढिलासुस्ती भएको यादवको गुनासो छ । कलैया उपमहानगरका प्रमुख प्रशासकिय अधिकृत नाथु साह छौं, त्यसको बिल भरपाई फछ्यौट भएपनि दोस्रो किस्ता उपलब्ध गराउछौं' प्रमुख प्रशासकिय अधिकृत साहले भने ।

# दश हजार बढी मतले सेफजोनमा छु : उम्मेदवार साह

शारदा पोखरेल
बारा, कार्तिक २३


जनता समाजवादी पार्टीका मधेशप्रदेश ईन्चार्ज तथा बारा-३ का प्रतिनिधि सभा सदस्यका उम्मेदवार रामबाबु यादवले १० हजार बढी मतले आफु सेभजोनमा रहेको दावी गरेका छन् ।

बाराको कलैया उपमहानगर २४ सखुईमा भएको घरदैलो कार्यक्रममा रातोपाटीसँग कुराकानी गर्दै उम्मेदवार यादवले २०७४ को निर्वाचनमा नेपाली कांग्रेसका वरिष्ठ नेता फर्रमुल्लाह मन्सुरलाई पराजित गरेका थिए । पछिल्लो समय निर्वाचन केन्द्रीत रहेका यादवले उत्तरी भेगतर्फ समेत समाजिक क्षेत्रमा करोडौ रुपयाँ लगानी गरेका छन् । साथै उनले आफै भौतिक रुपमा उपस्थित भएर प्रस्तावित अन्तराष्ट्रिय विमानस्थलको टाँगियावस्तीमा विद्युत्तीकरण,डेढ वर्षदेखि निमार्ण अलपत्र अवस्थामा रहेको सिमरा-कोहल्वी सडक खण्डको बर्डहर्वा पुल पहलमा सञ्चालनमा ल्याएपछि उत्तरी भेगमा मतदाता यादव सकरात्मक देखिएका छन् ।

जितपुरसीमरा र कलैयाको १० वटा वडा रेडजोनमा रहेकोमा यसपटक सो क्षेत्रमा १० हजार बढी मतले सेभजोनमा रहेको दावी गरेका छन् । ' अहिलेसम्मको प्रतिस्पर्धामा हामी सेभ जोनमा छौ, २०७४ भन्दा यसपटक उत्तर तर्फ मात्रै मेरो १० हजार मत बढेको छ, अलिकति प्रतिस्पर्धा ज्वाला जि सँग होला, सत्ता गठबन्धनसँग हाम्रो प्रतिस्पर्धा छैन्' उम्मेदवार यादवले भने ' बारा ३ को ३७ वटा वडा मध्ये उत्तरी भेगमा बिगतमा मेरो १०/११ वटा वडा रेडजोनमा थियो ति वडाहरु अहिले सेभजोनमा छ, बाँकी दक्षिण तर्फको २७ वटा वडामा मलाई उछिन्ने उम्मेदवार नै छैन्'

बारा निर्वाचन क्षेत्र नं ३ जसपा र एमालेबीच गठबन्धन नहुदाँ जसपा उम्मेदवार यादव र एमाले उम्मेदवार ज्वाला साहबीच मित्रवत् प्रतिस्पर्धा छ भने सत्ता गठबन्धनको तर्फबाट लालबाबु सिंह उम्मेदवार रहेका छन् ।

बारा-३ मा जितपुरसीमरा उपमहानगरको ८ वटा वडा, कलैया उपमहानगरको २६, र फेटा गाँउपालिकाको ३ वटा वडा गरेर ३७ वटा वडाहरु पर्दछ । सो निर्वाचन क्षेत्रमा प्रस्तावित अन्तराष्ट्रिय विमानस्थलको केही भूभाग, तामागढी-कलैया हुलाकी सडकखण्ड पर्दछ । अधिकाशं जिल्लाको दक्षिणी भेग समेटिएको कारण यस निर्वाचन क्षेत्रमा शिक्षा, स्वास्थ्य, रोजगारी, कृषिमा मल, सिंचाई लगायत मुख्य समस्या रहेका छन् । पूर्व संविधान सभा सदस्य लालबाबु सिंह नेपाल कांग्रेसका पुराना नेता हुन् । उनि अन्तिम समयमा लोसपा पार्टी प्रवेश गरेर सत्ता गठबन्धनको तर्फबाट उम्मेदवार बनेका छन् । जसपा मधेशप्रदेश अध्यक्ष यादव कांग्रेसभित्रको अन्तविरोधका कारण आधा मत आफुलाई आउने दावी गर्दछन् । 'सत्ता गठबन्धनको उम्मेदवार लालबाबु सिंह प्रतिस्पर्धामा धेरै बाहिर हुनुहुन्छ, उहाँसँग हाम्रो प्रतिष्पर्धा नै छैन,कांग्रेसभित्रको आन्तरिक द्वन्दका कारण आधा भोट पनि उहाँलाई जादैन्' यादवले भने। निर्वतमान संघीय सांसद यादवले २०७४ को निर्वाचनमा नेपाली कांग्रेसका



# रौतहटमा बढ्यो चुनावी सरगर्मी

विकास अग्रवाल
रौतहट, कात्तिक २३ गते ।

मंसिर ४ गते हुने प्रतिनिधी सभा र प्रदेश सभाको निर्वाचनको मिति नजिकिदै गर्दा रौतहटमा चुनावी सरगर्मी तीव्र बनेको छ । चुनावी माहोल तातेसँगै जिल्लाको अधिकांश क्षेत्रका उम्मेदवारहरु बिचको प्रतिस्पर्धा मतदाता माझ देखिन थालेको छ ।

मतदाताहरु समेत उम्मेदवार पक्षको खुलेर मत माग्न थालेपछि क्षेत्रका अधिकांश उम्मेदवारहरु बिचको प्रतिस्पर्धा स्वष्ट देखिन थालेको हो ।

रौतहट क्षेत्र नम्बर एकबाट प्रतिनिधी सभा सदस्य पदका उम्मेदवार नेकपा एकिकृत समाजवादी पार्टीका केन्द्रिय अध्यक्ष तथा पुर्व प्रधानमन्त्री माधवकुमार नेपाल तथा नेकपा एमालेका अजयकुमार गुप्ताबीच कडा प्रतिस्पर्धा देखिएको छ । क्षेत्र नम्बर दुइमा नेपाली काँग्रेसका डा. महम्मद फिरदोस आलम र एमालेका बागी उम्मेदवार किरण साहबीच रोचक भीडन्त देखिएको छ । यस्तै क्षेत्र नम्बर तीनबाट स्वतन्त्र उम्मेदवार तथा पुर्व मन्त्री प्रभु साह र काँग्रेसका बागी उम्मेदवार ओमप्रकाश जयसवाल तथा क्षेत्र नम्बर चारमा एमालेका उद्धव रेग्मी र काँग्रेसका देवप्रसाद तिमलसिनाबिच कडा ठक्कर देखिएको हो । विगतका दिनमा जितेर पनि गाउँ गाउँ नछिर्ने नेताहरुलाई यसपटक भने चुनाव जित्न त्यति सजिलो देखिएको छैन । अहिले भोट माग्न आउने नेताहरुलाई मतदाताहरुले दु:ख सु:खमा के गरेको भनेर प्रश्न गर्दे आएको देखिन्छ । दुई दुई पटक सजिलै चुनाव जितेर गएका पुर्व प्रधानमन्त्री माधवकुमार नेपाललाई पनि यसपटक हम्मेहम्मे परेको छ ।

चुनाव प्रचारप्रसारको बेला दुईचार दिनमात्र क्षेत्रमा बस्ने नेपाल यसपटक लगातार दश दिनसम्म जिल्लामै बसेर आफ्नो चुनावी कार्यक्रमलाई नितरन्तरता दिएका छन् । छठको अघिल्लो दिन क्षेत्रमा आएका नेता नेपाल सोमवारमात्रै क्षेत्र छाडेर राजधानी गएका छन् । यता नेता नेपालको प्रतिस्पर्धामा रहेका नेकपा एमालेका अजयकुमार गुप्ता भने नेता होइन बेटा रोज्नु (नेता न बेटा बारी) भन्दै चुनावी प्रचारमा जुटेका छन् । चुनाव जिते पनि नजिते पनि तपाईहरुको दैनिक रुपमा घरदैलोसम्म आउने भएकाले एकपटक मौका दिन आग्रह गर्दे उनी प्रचारमा आग्रह गर्ने गर्दछन् । यता क्षेत्र नम्बर दुईमा काँग्रेसका महम्मद आफताब आलमले २५ वर्ष देखि जनताको सेवा गर्दे आएको भएपनि ओली सरकारको जालझेलले बुआलाई फसाएको भन्दै उनका छोरा डा. महम्मद फिरदोस आलम मतदाताहरुसँग भोट माग्न थालेका छन् । प्रहरी निरीक्षक पदबाट राजीनामा दिएर चुनावी मैदानमा उत्रेका फिरदोस आलमलाई अहिले सहानुभूति भोट देखिएको छ । सोही क्षेत्रको चुनावी मैदानमा उत्रिएका एमालेका बागी उम्मेदवार किरण साह पनि प्रचारमा व्यस्त छन् । अघिल्लो प्रतिनिधी सभा निर्वाचनको क्रममा आफताम आलमसँग १ हजार ९ सय ४५ मतले पराजित बनेका स्वतन्त्र उम्मेदवार साहलाई अहिले उनका छोरा फिरदोस आलमले कडा टक्कर दिएका छन् । यता क्षेत्र नम्बर तीनमा विकासको लहर ल्याएर चर्चा कमाएका विकास पुरुष उपनामले चिनिएका प्रभु साहलाई पनि चुनाव जित्न त्यति सजिलो देखिएको छैन । साहको विपक्षमा अहिले सारा पार्टी एकजुट देखिएकोले यसपटक उनलाई पनि हम्मेहम्मे परेको छ । साह विरुद्ध काँग्रेसका बागी उम्मेदवार ओमप्रकाश जयसवाललाई अहिले पाँच दलिय गठबन्धनले सहयोग गर्दे आएको छ ।

पाँच दलिय गठबन्धनले साहलाई समर्थन गर्ने आधिकारिक धोषणा गरेपनि जिल्ला स्थितका गठबन्धनका नेता, कार्यकर्ता साह विरुद्ध जयसवालाई समर्थन गरिरहेको देखिन्छ । यस्तै क्षेत्र नम्बर चारवाट एमालेका उद्धव रेग्मी र काँग्रेसका देवप्रसाद तिमलसिनाबीच कडा प्रतिस्पर्धा देखिएको छ । दुवै नेता दिनरात जनता माझ रहदै आएकोले उनीहरु दुबै ƨजनताको विश्वास जितेकोले मत आफ्नै पक्षमा आउने दाबी गर्छन्।

सम्पादकीय

## औपचारिकमात्र नबनोस निर्वाचन आचारसंहिता

आमनिर्वाचनको मिति नजिकिदैं छ । आगामी मंसिर चार गते आमनिर्वाचन हुँदैछ, प्रतिनिधीसभा र प्रदेशसभाका लागि। राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवार दिलोज्यानले जनताको मन जित्ने अभियानमा देखिन्छन् । लोकतन्त्रमा निर्वाचनहरुले सदन र सरकारमा जनताको प्रतिनिधित्व सुनिश्चित गर्ने हो । जनताको अभिमत प्रकट हुन्छ चुनावबाट, त्यसैले लोकतन्त्रको संस्थागत विकासका लागि निर्वाचन महत्वपूर्ण अवसर हो । चुनावको उपयोग गर्नु प्रत्येक नागरिकको दायित्वहो, मुलक प्रतिको जिम्मेवारी हो।

नेपालले लोकतान्त्रिक संघीय राजनीतिक प्रणाली अपनाए पछिको आसन्न चुनाव दोश्रो हो । यस अघि २०७४ मा चुनाव भएको थियो । जनताको माण्डेट पाएका दलहरुले जसोतसो सदन र सरकार चलाएर फेरी उनीहरुनै जनता माझमा आएका छन् । निश्चयनै सत्ता संचालन गर्ने दल र तीनका नेताबाट आम जनता सन्तुष्ठ छैनन् । सत्ता संचालन पक्षपातपूर्ण, नजिकका आसेपासे पोस्नेमात्र कामभएको र सत्तालाई कमाउने माध्यम बनाएको आरोप नागरिक तहबाट लाग्दै आएको छ । लोकतन्त्रमा जनताका प्रतिनिधी जनताप्रति उत्तरदायी हुन्छन् भनिन्छ, तर त्यस्तो अनुभव नेपालीजनले गर्न पाएनन् । सत्ताको ्व्यापक दुरुपयोग भएको,भष्ट्राचार विगतको तुलनाम झनझन बढेको र शासन प्रशासन पनि जनता केन्द्रीत हुन नसकेको गुनासोहरु यत्रतत्र सुनिन्छ। एक किसिमको वितृष्णा छ, राजनीतिकदलहरु र तीनका 'जिम्मेवार' नेताहरु प्रति ।तर,यावत कमीकमजोरीका बाबजुद तीनै राजनीतिकदल र नेताहरु फेरी जनता समक्ष आएका छन् ।


लोकतन्त्रको सुन्दर पक्ष यहीँ हो, चुनावमार्फत निश्चित अवधीका लागि जनताको माण्डेट लिने, समय अवधी समाप्त भएपछि फेरी जनतासँगै मत माग्न आउँने । यस अर्थमा, जनताले उनीहरुले गरेका काम कारवाहीहरुको मूल्याङ्कन गरेर कुनै उम्मेदवारलाई मतदिने वा नदिने निर्णय लिन सक्छन् । पहिला देखी मत दिदैं आएकालाई दोहोऱ्याउने की नयाँ दल वा अनुहार छान्ने ?जनताको रोजाईको विषय हो । तर, खासमा जनता अन्यौंलमा छन् ।कारण, सत्ता सम्हालेकाहरु रुप बद्लेर जनता समक्ष आएका छन् । हिजो राजनीतिक सिद्धान्त र बिचार मिल्नेहरुबीच एकता थियो ।मधेशमा संघीय समाजवादी र राजपा मिलेका थिए । एमाले र माओवादी मिलेर नेकपाको नाममा जनता समक्ष उत्रिएका थिए। अहिले राजनीतिक सिद्धान्त र विचार नमिल्नेहरु पनि गठ बन्धनमा छन्, सत्ताप्राप्तीको एक सूत्रिय योजना कार्यान्वयन गर्न ।

मधेश प्रदेशका आठ जिल्लाको एकसरो अध्ययनका आधारमा यतिमात्र भन्न सकिन्छ, चुनाव उम्मेदवार र उनीहरुका मतियारहरु बाहेक जनतामा आएको छैन । जनतामा कुनै उत्साह देखिदैंन,अन्यौंलता देखिन्छ। चुनावको मिति नजिकिदैं गएपछि जनता सामु वाध्यात्मक जिम्मेवारी आइपर्ने छ। अहिले सबै भन्दा सतहमा आएको विषय चुनाव प्रचारका शैली हुन् । निर्वाचन आयोगले निर्वाचन आचारसंहितालागु गरेको छ । दिनदिनै आचारसंहिता उल्लघनका उजुरीहरुको ओइरो लाग्ने गरेकाछन् र आयोगले स्पष्टीकरण लिएको व्यक्तव्यबाजी र समाचारहरु पनि आइनै रहेकाछन् । आचारसंहिताको मूल उदेश्य कुनै पनि हिसावले मतदाता प्रभावित हुननसकुन भन्ने हो, पद, पैसा, प्रलोभनमा मतदाताको मतप्रभावित नहोस भन्ने हो । निर्वाचनआयोग, निर्वाचनमा सरोकार राख्ने प्रहरी प्रशासन सबै प्रचार सामाग्रीको आधारमा आचारसंहिता उल्लधनका घटनाको विश्लेषण गरिरहेको पाइन्छ।आचारसंहिता उल्लघनका घटनाको भित्रिपाटो विकराल र विसंगितिहरुले ग्रस्त देखिन्छ । एउटा उम्मेदवारले करोडौं करोड रुपैया निर्वाचनमा खर्च गरिरहेको छ भने त्यसको निगरानी कसले गर्ने ?प्रचार प्रसारमा संलग्न हुने ठूलो संख्याका कार्यकर्ताहरुलाई दैनिक भक्ता, दारु, मासु, मोटर साइकलमा पेट्रोलको खर्च दिएपछिमात्र उनीहरु प्रचारमा निस्किने गरेको जतातत‍ै देखिन्छ, सुनिन्छ ।चुनाव नजिकिदैं गएपछि पैसा दिएर भोट किन्ने अभ्यासले तीव्रता पाउँने गरेका विगतका चुनावमा देखिदैं आएको थियो ।पैसाले भोट किन्ने प्रवुती आसन्न चुनावमा अझ बढ्ने देखिन्छ, कारण सत्तामा बसेकाहरुले काम गरेका छैननु, त्यसैले दाम दिएर फकाउने रणनीति उनीहरुको देखिन्छ। आचारसंहिता पालना गराउने प्रमुखदायित्व निर्वाचन आयोगको हो । उम्मेदवारले सबै हिसावकिताव मिलाएर पेश गरेका कागजले चुनावी खर्चको एकिन हिसाव दिने होइन । आयोगले प्रशासनिक सहयोग समेत लिएर कुन उम्मेदवारले कति सम्म खर्च गरेकाछन्, उम्मेदवारहरुले छद्म (डमी) उम्मेदवार मार्फत आफ्नो पक्षमा कतिखर्च गरेकाछन्, त्यसको लेखाजोखा गर्न सक्नुपर्दछ । यसो हुनसक्यो भनेमात्र निर्वाचन आचारसंहिताको औचित्य रहन्छ। होइनभने आचारसंहिता औपचारिकता निर्वाह गर्ने भुत्तै हतियारमात्र सावित हुने छ ।

http://emadheshdristi.com
madheshdristi@gmail.com

कबीरा खडा बाजार

# मधेशमा चुनावी राजनीति



– चन्द्रकिशोर

मधेशको आत्मामा राजनीति बास गर्छ । राजनीति बिनाको मधेशको कल्पना गर्न सकिदैन । खेत खलिहान देखि मंच र मचानसम्म केवल राजनीति नै गफिन्छ।जमाना देखि मधेश नेपाली सत्ता राजनीतिको प्रयोग भूमि रहँदै आएको छ । कहिले यहाँको भूमि प्रयोग भएर काठमाण्डू (केन्द्र) को सत्ता ध्वस्त गरियो। स्थापित सत्तालाई धराशाही गर्न खोजियो, हस्तक्षेप गरियो । सत्ताको सामाजिक र राजनीतिक चरित्रलाई फेर्न तम्सियो । लक्ष्य स्पष्ट थियो, सत्ताको लाभ शताब्दियौं देखि उपेक्षित बन्तित समाजसम्म पुगोस । कहिले यस्तो पनि भयो ,स्थापित सत्ताले आफ्नो महत्वाकाक्षालाई मधेशी मानसमा लादेर तात्कालिक अनुमोदन खोज्यो । यसपटकको निर्वाचन स्थापित सत्तालाई शासकीय बैधताको निरन्तरता दिनुमै सीमित छ ।

मधेशभित्रको मनोविज्ञान कहिले बर्चश्वशाली जमातसँगको समकक्षताको खोजी थियो त कहिले बर्चश्वशाली जमातमाथिको सामाजिक - राजनीतिक दृष्टिकोणले पूर्ण प्रभुत्वको चाहना भयो । यसका लागि कहिले आन्दोलन भए त कहिले निर्वाचनलाई नै आन्दोलन मानियो । भूईमान्छेको आवश्यकतालाई आत्मसात गर्ने नेतृत्वको क्षमता र कार्यान्वयन कमजोर रहँदै आउँदा, नेता र जनता बीचमा खाडल देखियो। व्यक्ति केन्द्रीत राजनीतिक विकास हुँदै आयो जसको नतिजा स्वतन्त्र उम्मेदवारी दिनेहरू यतिखेर बाक्लिए । यसपटकको निर्वाचन मार्फत मधेशले राष्ट्रीय राजनीतिको राजमार्गलाई दिशा दिने होईन, दिक्भ्रमित भएर स्थापित सत्ताको अनुगामी बन्ने निश्चित बोध लिएको छ। काठमाण्डूमा आश्वस्त भाव छ, त्यसैले सोधिदैन - मधेश में का बा ?

मधेशमा राजनीतिक अभ्यासको दशकौं पुरानो अनुभव छ । यहाँ दलहरूले मुखर वा भूमिगत गतिविधि संचालन गर्दै आए । पारिका भारतीय राजनीतिको बाछिटा पर्नु स्वाभाविक नै भयो । तर यहाँ क्रियाशील राजनीतिक दलहरूले आफ्नो आस्था अनुकूलको जुन राजनीतिक सत्ता स्थापना गर्ने लक्ष्य निर्धारण गरे त्यसमा मधेश कुनरूपमा देखिने हो? यी मूलभूत प्रश्नमा कहिल्यै पनि प्रष्ट देखिएन । संगठनको लक्षित वर्ग मधेशलाई स्वीकार गरिएन, त्यसले मधेशी जनको राजनीतिक सहभागिता कसरी र कुन रूपमा बढाउने त्यो प्रष्ट भएन। दलको आन्तरिक जीवनमा मधेशी पृष्ठभूमिका नेतृत्वको प्रभाव, पहुँच कसरी संचालन गर्ने ?दललाई आम मधेशीका बीच कसरी खडा गर्ने ? यसको जवाफ खोज्ने साहस एक दशक भित्रमै तीनवटा उन्नत एवं गहिरो मधेश आंदोलन ब्योहोरेर पनि राजनीतिक दलहरूले देखाएनन् ।दलको नेतृत्व र त्यसको फाइदाहरू उपर सम्भ्रान्त वर्गहरूले कब्जा जमाउने कोशिश गरे । परिणाम के भयो भने मधेशी समुदायको प्रतिनिधित्व दलहरूमा सांकेतिक हुन थाल्यो । दलहरूमामधेशका ऐजेण्डाहरू उपर गंभीर, प्रस्तुतिमा मुखर र जनाधार बनाउन सक्ने मधेशी नेतृत्व देखिएन । कुनै दलले समावेशी भएको दाबी गर्दैमा समावेशी ठहर्दैन ।

दलहरूले आफु समावेशी भएको दाबी गरे तापनि ब्यवहारमा समावेशीको मर्मलाई आत्मसात गरेनन् ।भूईतहको आंकाक्षा, सोचाई वा ठम्याईलाई जस्ताको तस्तै शीर्ष नेतृत्वल पंक्तिसम्म पु-याउने राजनीतिक कार्यकर्ताको अभावमा दल विशेषले लिने नीति तथा कार्यक्रम आन्तरिक भन्दा बाह्य संरचनाहरूबाट प्रभावित हुनु पनि स्वाभाविक हो ।

यसैले कुनै पनि दलसंग यस्तो मधेशी नेतृत्व छैन जसलाई देखाएर मत तान्न सकियोस । चुनावी समरमा जुझ्दै गरेका दलहरू भित्र कुनै सैध्दान्तिक झगड़ा छैन । ठूला भनिने दलहरूको मधेश दृष्टिमा समानता भेटिनु आश्चर्यको विषय छैन । मधेशीहरूको मात्र होइन, अपितु सबै नेपालीको भविष्य शान्ति पूर्ण हुने कि अझ द्वन्द्व ग्रस्त हुने यसको निक्यौल गर्ने आधार नै कस्तो र कसरी चुनाव सम्पन्न हुनुमा हो ।

तसर्थ निर्वाचनकामूर्त खिलाड़ीहरू र तिनले अपनाउने प्रक्रिया नै वर्तमानको सर्वाधिक महत्वपूर्ण विषय हो ।

अब रह्यो मधेश आश्रित दलहरु जसको कारणले आन्दोलनको अन्तर्वस्तु विस्तारै नेपथ्यमा पर्दै गएको छ । विगतका मधेश आंदोलनसँग साइनो जोडिएका राजनीतिक शक्ति वा नेतृत्व पंक्तिको जति सुकै आलोचना गर्न सकिन्छ । तर एउटा कुराको हेक्का राखिनु पर्छ, नेपाली संत्ताका संस्थापन समग्र शक्तिहरू मधेशी नेतृत्व र शक्तिलाई कमजोर बनाउने , छवि धुमिल बनाउने, एक अर्काको विरोधमा उभ्याउने, दवाव र प्रभावमा पार्ने, टुर्क्याउने सुनियोजित रणनीतिको प्रतिफल हो आजको अवस्थामा मधेशी दलहरू पुग्नु ।

संस्थापन सत्ता जो आन्दोलन दबाउन विगतमा जुन सुकै हदसम्मको क्रूरता अपनाए तिनले तत्पश्चात पनि मधेशी शक्तिलाई विजित बनाउन कुनै उपक्रम रोकेनन् । पांच बर्ष पहिला ऐक्यबध्द भएर आन्दोलन गरेका र निर्वाचन लडेका मधेशी शक्तिहरू विपरीतका शक्तिहरूको संरक्षणमा ओत लाग्न पुग्नु भनेको नेपाली संस्थापन शक्तिको कुटिल चक्रव्यूहलाई बुझ्न नसक्दा अभिमन्युको त्रासदी भोग्नु हो ।

आजको मधेश राजनीतिमा विचारधाराको कुनै भूमिका छैन । कुनै ऐजेण्डा माथी बहस छैन । को पाण्डव र को कौरव पक्ष भनेर कित्ताकाट हुने अवस्थै छैन । यस्तोमा आम मतदाता भ्रममा छन्, कसालाई छनौट गरौं ? कुनै लहर छैन । केन्द्रीय सत्तामा विद्यमान सामाजिक र राजनीतिक तागतको समीकरण फेरिने संभावना न्यून छ । तर पनि चुनावमा होमिदा कुनै न कुनै तुरूप त चाहिन्छ ।

चुनावी राजनीतिको मूर्त परिदृश्य यस्तो पनि छ कि जातिगत समीकरणले शक्ति प्रदर्शनको राजनीतिमा समेत निकै ठूलो महत्व राख्न थालेको छ । मधेश आन्दोलनको राप ताप हुँदासम्म संलग्न शक्ति वा अन्यहरू पनि जातिगत समीकरण भन्दा माथि उठेर विकास, बेरोजगारी, पलायन वा स्थानीय सरोकारहरूको कुरा राख्थे।

यस पटक चुनावी मुद्दाहरूमा जातिको राजनीति प्रभावित हुंदैछ । चुनावी मंचबाट खुलेआम जातिको नाममा मत नमागिए पनि पर्दा पछाडि सिङ्गो चुनावी राजनीति यसकै वरिपरि चक्कर काट्दैछ । पछिल्लो समय मधेशका जिल्लाहरूमा दौडाहा गर्दा पंक्तिकारले जे जसरी सुन्यो त्यसले दिएको सूचना यहीँ हो । एक जना उम्मेदवार भन्दै थिए , ;् मधेशमा फलानो जातिको नेता म नै हू , मलाई मेरो क्षेत्रमा अमूक जातिकाहरूले सहयोग गरेनन् भने तिनका नेतालाई फलानो क्षेत्रमा हाम्रा जातिहरूले पनि सहयोग गर्दैनन् । यी जुन अर्का नेताका बारेमा कुरा गर्दै थिए उनी फरक दलका उम्मेदवार हुन । एक जना स्वतन्त्र उम्मेदवार कुनै खास जातिको मसिहा आफुलाई दावि गर्दै विभिन्न दलका विभिन्न जातिका उम्मेदवार हरूलाई जातिगत भोट दिलाउने वाचा गर्दै गरेको भेटिए । कतै कोही उम्मेदवार अमूक जातिगत समीकरणको समानान्तर अर्को समीकरणको बिऊं छरेको बताए । राजनीतिक दल आबध्द उम्मेदवारहरू आफ्नो सामाजिक र राजनीतिक धरातल बनाउनका निमित्त जातिको उपयोग गर्दैछन् ।

कतै उम्मेदवार विशेषको जीत - हारको प्राथमिक आधार नै त्यहाँको जातिगत समीकरणलाई अथ्याईन्छ । एकातिर अन्तरजातीय अन्तःक्रिया विस्तृत र संघन बनिरहेको परिप्रेक्ष्यमा चुनावी राजनीतीले जातिय सीमा अझ कड़ा पार्ने प्रक्रियालाई कसरी ब्याख्या गर्न सकिन्छ ?

अझ, वर्तमान र मूर्त परिदृश्य त्यो पनि हो जहाँ, मधेशीत्व सबलीकृत तुल्याईएको र अग्रभागमा स्थापित भएको थियो । यसले नवीन जातिगत इंन्जिनीयरिङ ल्याएर मधेशभित्रकै शक्ति संरचनामा हेरफेर गरेको थियो । पहिले छुट्टाछुट्यैरहेका जातिगत समूहहरू एकाकार भएर मधेशी राष्ट्रियताको विमर्श थालनी भएको थियो । मधेशी मधेशी सवाललाई सार्वजनिक - राजनीतिक वृतले पनि आत्मसात गरिसकेको थियो । तर जसरी यतिखेर मधेशी समाज भित्र नै अलग अलग भोट बैंक बनाउने - देखाउने कोशिश हुँदैछ । यसले मधेशी अस्मितालाई भुग्रोंमा पार्छ भन्ने सवाल फेरी एकपटक जोडदार रूपले उभ्याएको छ । आन्दोलनका अगुवा नेतागणलाई जातिविशेषका हितैषीका रूपमाचिन्हित गर्ने , आलोचना वा समर्थन गर्ने भित्रि दाउपेच यतिखेर मुखरित हुँदैछन् ।

जसरी र जुनसुकै शर्तमा चुनाव जो जित्नु छ । मधेश आश्रित दलहरुले जातिगत समीकरणमा आधारित राजनीतिक डुङ्गा पार लगाउने सिकाई अन्य पुराना दलहरूबाट संक्रमित भए कि यीनीहरूबाटै उता तर्फ सरे , बताउन गाह्रो छ । पहिला अण्डा कि चल्ला ?

जातिगत मतको आक्सिजन खोज्नेहरू प्रायः छन् । यसले दर्शाएको तथ्य हो निर्वाचन पश्चात मधेशमा जातिय घर्षणहरू बढ्ने छ । नयाँ नयाँ जातिगत समीकरणहरूले भूईतहमा दिशा र दशा निर्धारण गर्नेछ । नयाँ समिकरणहरूको उदयले असुरक्षित वा बर्चश्व गुमाऊन पुगेका जातिहरूको गोलबन्दी शुरू हुन्छ।

सीमावर्ती भारतीय राज्यको तर्जमा मधेशमा जातिय समिकरणको राजनीति फस्टाउंदैछ । तर अझै पनि कुनै पनि जाति समाज आफैमा सग्लो भोट बैंक बन्न सकेका छैनन् ।

मुद्दाहरूको अभाव देखिएको छ । त्यस्तोमा नारायण (मतदाता) लाई नगद बाहेक रिझाउने तुरुप जातिगत समीकरण नै बाँकी छ । कुनै उम्मेदवार विशेषले मतदातालाई पत्यार दिने , अपील दिने कुनै नारा भेट्टाउदैनन् त्यस्तोमा झट्ट लोभ्याउने, उत्तेजित बनाउने र आकर्षित बनाउने नारा जाति नै हातमा रहन्छ । यस्तो नारा उचालेर राजनीति सपार्ने अधिकांशतः आफ्ना कमजोरीहरूलाई आवरण दिन्छन्। यस्ता नारा दिने उम्मेदवारहरूका पछि लाग्ने राजनीतिक कार्यकर्ताहरू आफूले जिताएको दल वा उम्मेदवारबाट आफु वा आफ्ना जातिय कुटुम्बको हितका लागि जति सक्यो धेरै फाइदा उठाउन अग्रसर हुन्छन् । यतिखेर चुनावी राजनीतिमा देखिएको जातिय गणितमा आधारित भाग्यफल खोज्ने प्रक्रियामा समग्र मतदातालाई बलियो बनाउने ध्येय हुँदै होइन ।

मेरो पालिका

# ऐतिहासिक क्रान्ति भूमि गौर




– मुकेश अग्रवाल

रौतहट जिल्लाको सबैभन्दा पुरानो नगरपालिका गौर नगरपालिका रहेको छ । अहिले बरहवा तालको रुपमा परिचित गौरा दहको नाम तथा गौरा दहको किनारमा बसेको बस्तीको नाम गौर रहन गएको हो । गौर र गौरा दह (बरहवा ताल) को सम्बन्ध प्राचिन कालिन हो । कतिपय प्राचिनकालमा गौर नामको एक प्रजातीको जंगली गाईको बसोबास रहेको क्षेत्र भएकाले सोही जनावरको नामबाट यस स्थानको नाम गौर रहन गएको बताउँछन् । तत्कालिन गौर, टिकुलिया, पुरेनवा, सिर्सिया, र सबगढा गरी पाँच गाउँ विकास समितिहरु मिलेर २०४८ साल चैत्र ३० गते गठन भएको गौर नगरपालिका बन्यो । २०४९ बैशाख २४ गते देखि कार्यालय स्थापना भई विधिवत् सञ्चालनमा गौर नगरपालिका आएको हो । पटक पटक क्षेत्रफल घटबढ र सीमाना हेरफेर हुँदै आएको गौर नगरपालिकाको हालको क्षेत्रफल २हजार एकसय ५३ वर्ग किलोमिटर र ९ वटा वडाहरु रहेका छन् ।

### भौगोलिक अवस्था

रौतहट जिल्लाको दक्षिणी सिमानामा अवस्थित गौर नगरपालिका पुर्व पश्चिम राजमार्ग भन्दा ४२ किलोमिटर दक्षिणमा पर्दछ । पुर्व पश्चिम राजमार्ग देखि सबैभन्दा दक्षिणको सीमा शहर र सदरमुकाम गौर नै हो । गौर नगरपालिकाको पुर्वमा राजदेवी नगरपालिका, पश्चिममा इर्शनाथ नगरपालिका, उत्तरमा राजपुर नगरपालिका तथा दक्षिणमा भारतको बिहार राज्यको सीतामढी जिल्लाको बैरगनिया पर्दछ । दशगजासित जोडिएको गौरको जनसंख्या २०६८ को राष्ट्रिय जनगणनाअनुसार ३८



हजार रहेपनि हाल यो वृद्धि भएर करिब ४४ हजार पुगेको अनुमान छ ।

### ऐतिहासिक पृष्ठभूमि

सदरमुकाम गौरमा आउनु अधि गौर एउटा समान्य बजारको रुपमा रहेको थियो । गौरमा सदरमुकाम आउनु अघि रौतहटको सदरमुकाम कट्टरबन थियो । वाग्मती नदीको पश्चिमी किनारमा अवस्थित कट्टरबनमा वर्षेनी बाढीको त्रास रही रहन्थ्यो । वि.स. १९९० माघ २ गते आएको महाभुकम्पले सदरमुकाम कट्टरबनलाई क्षतिग्रस्त बनाएको र वाग्मती नदीको कटानमा पर्दे आएकोले तत्कालिन सरकारी कार्यालयहरु गौर बजारमा सार्ने निर्णय १९९० साल चैतमा भई १९९१ बैशाखदेखि कार्यालयहरु सञ्चालनमा आएको प्रकाशित

बाँकी पृष्ठ ६ मा

# सर्लाहीका किसानलाइ धान काट्ने चटारो

घनश्याम बलम्पाकी
सर्लाही कात्तिक १९



सर्लाहीको अधिकांश किसानलाइ यतिखेर धान भित्र्याउने चटारो परेको छ । धान रोपाइको समयमा पर्याप्त बर्षा नभए पनि किसानले यो बर्ष असारको अन्तिम सातातिर धान रोपेका थिए । जिल्लाको अधिकांश स्थानमा यतिखेर धमाधम धान काट्न सुरु भइसकेको छ ।

पर्याप्त आकाशे बर्षा नभए पनि यसबर्ष धान उत्पादन समेत राम्रो हुने किसानहरुले बताएका छन् । जिल्लाको उत्तरी भेगमा अधिकांश किसानले लगाएको धान काटेका छन्, भने ढिलो पाक्ने जातको धान काट्ने तयारीमा छन् । इश्वरपुर,लालबन्दी, हरिवन, बागमती,बरहथवा नगरपालिकाको विभिन्न क्षेत्रमा बेलैमा रोपिएको धान पाकेर भित्र्याइ रहेका छन् । जिल्लाको दक्षिणी भेगमा साउनमा रोपिएको धान भने भित्र्याउने किसानहरुको तयारी छ । सर्लाहीका २० वटै पालिकामा धान खेती हुन्छ । असारको अन्तिम साता तिर बर्षा भएकोले यस बर्ष धान खेती हुने अधिकांश भू-भागमा रोपाइ भएको छ ।कृषि ज्ञान केन्द्र मलंगवाले रासायनिक मलको अभाव र कतैकतै गवारो र लाही किरा जस्ता सामान्य रोगको प्रकोप देखिएपनि धान फलाइ राम्रै रहेको जनाएको छ । ज्ञान केन्द्रका प्रमुख कमलदेव प्रसाद कुशवाहाले यो बर्ष धान उत्पादन बढ्ने अनुमान गरिएको छ ।उनले केही दिन आकाशे बर्षा नभए किसानले भ्रुलिसकेको धान धमाधम भित्र्याउने जानकारी दिए । सर्लाहीमा ४६ हजार हेक्टरमा जग्गामा धान खेती हुने गरेको छ ।

# उम्मेदवार प्रचारमा, मतदाता खेतमा

खजुरा, २३ कात्तिक




आसन्न मङ्सिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका लागि राजनीतिक दल तथा उम्मेदवार अहिले चुनावी प्रचारको अभियानमा जुटेका छन् । निर्वाचनमा आआफ्ना ऐजेण्डा सहित उम्मेदवार मतदाता समक्ष पुगेका छन् । तर, बाँके जिल्लाका किसानलाई भने बर्ष भरि आफुले गरेको मेहनतको खेतीबाली धान भित्र्याउन चटारो छ । नेताहरु गाउँमा जाँदा अधिकांस मतदाता भने खेतमा भेटिने गरेका छन् ।

चुनाव आउन अब करिव दुई हप्ता मात्र रहदा किसानहरु भने वर्षदिनको अन्न धान स्याहार्ने कामलाई पहिलो प्राथामिकता राखेको खजुराका किसान हरिहर थारु बताउछन । किसानलाई अहिले धान भित्र्याउन भ्याइनभ्याई छ भने उम्मेदवारलाई गाउँ टोल बस्तीमा गएर मत माग्न भ्याइनभ्याई छ । नेता गाउँ पुग्दा धान काट्न गएका किसानलाई फोन गरेर समेत बोलाउने गरेका छन्, भने कतिपय नेता त खेतमै मत माग्न पुग्ने गरेको बाँके बैजानाथ गाउँपालिका-७ पेडारीका किसान लोहारी थारुले बताए । उनका अनुसार विगतको निर्वाचनमा भने प्रचारप्रसार गर्न लस्करै निस्कने सर्वसाधारण मतदातालाई यसपालीको चुनावले खेतीपातीको मौसममा समय छुट्टयाउन समस्या भएको छ । किसान लोहारी थारु भन्छन कतिपय ठाउँमा नेता भोटमाग्न खेतमै पुग्दा मात्रै चुनाव आएको जस्तो अनुभुति हुन्छ । किसानले धान भित्र्याउने काम समयमा नसक्दा प्रचारप्रसार गर्न ढिलाइ भएको उनको भनाइ छ । चुनावको बेला राजनीतिक दल तथा उम्मेदवार आफ्नो घोषणापत्रमा कृषिसम्बन्धी समस्या तथा सवाललाई मुद्दा बनाउने गर्दछन् । यसपालीको चुनावमा पनि दलहरुले आफ्नो घोषणापत्रमा कृषिका सवाललाई पुनः समेटेका छन् । यसपालीको चुनावमा किसानको पिरमर्का बुझ्ने नेतालाई मात्रै भोट दिने नेपालगञ्ज उपमहानगरपालिका-२२ पुरैनीका किसान गोपी यादवले बताए । समयमा मलबीउको उपलब्धता, आधुनिक कृषि उत्पादनमा जोड, कृषि अनुदान, बजारीकरण, कृषि प्रोत्सहानलगायतका सेवा सरकारले दिनुपर्दछ । यस्तो सेवा दिने नेतालाई मात्रै यसपटक मत दिने यादवको भनाइ छ । वर्षौंदेखि कृषि मलको समस्या झेल्दै आएका किसानलाई राहत दिने नेतालाई अहिलेको निर्वाचनमा मतदान गर्ने बाँके डुडुवा गाउँपालिका-४ का किसान बाबादिन धोबीले बताए । निर्वाचनमा सबै उम्मेदवारले विकास निमार्णका योजनासँगै जनतासँग प्रत्यक्ष सरोकार राख्ने सवालका बारेमा योजना तथा प्रतिबद्धता आ-आफ्नो घोषणापत्रमा उल्लेख गरेका छन्। सोही घोषणापत्रलाई जनतामाझ उम्मेदवार प्रचार गरिरहेका छन् । नेताहरुको घोषणापत्र हेर्दा प्रायः महत्वकांक्षी योजना मात्र भएको किसान अगुवा जगदीसप्रसाद विश्वकर्माले बताए ।वर्षभरी पेट भर्ने अन्न हो धान । अहिले किसानलाई चुनाव भन्दा धान नै प्यारो छ । धान स्याहार्ने सिजनमा निर्वाचनको मिति परेकाले उनीहरु प्रचारप्रसारमा सहभागि हुन नसकेको बताउछन् । रासस

# मध्यवर्तीका मतदाताको प्रश्न
# वन्यजन्तुको त्रास कहिलेसम्म ?

भरतपुर, २३ कात्तिक :



आगामी मङ्सिर ४ गते हुने निर्वाचन नजिकिँदै जाँदा चितवन क्षेत्र नम्बर ३ का उम्मेदवारलाई घरदैलो गर्न र भोट माग्न भ्याइनभ्याइ छ । उम्मेदवारले मतदातालाई निर्वाचित भएपछि जनताका विविध समस्या समाधान गर्ने आश्वासन दिँदै आइरहेका छन् । भोट माग्दै हिँड्ने उम्मेदवारलाई चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रका मतदाताले भने वन्यजन्तुका समस्या समाधान गरिदिन अनुरोध गरेका छन् । मङ्गलबार भोट माग्दै भरतपुरका विभिन्न क्षेत्र पुग्नुभएका नेकपा (माओवादी केन्द्र)का उम्मेदवार डा भोजराज अधिकारी समक्ष नागरिकले स्थानीय समस्याबारे गुनासो गरे । गोब्रेनीका स्थानीय सीतामान तामाङले भने बँदेलले खेती खायो, गैँडा, चित्रीले पनि हैरान बनायो, तार लगाउनपर्छ, डा सावले पहल गरिदिनुहोला । उनले नारायणी तटबन्धलाई कार्यान्वयन गरेर बाढीको समस्या समाधान गरिदिनसमेत आग्रह गरे।स्थानीय ज्योति रानाले निकुञ्जमा पक्की तारबार लगाउने कामलाई प्राथमिकतामा राख्न आग्रह गरे । गुनासो तपाईहरुलाई नै गर्ने हो, उनले भने , जनतालाई अलि ध्यान दिन पर्‍यो । अर्का स्थानीय प्रकाश खड्काले हरेक निर्वाचनमा आश्वासन पाएको तर काम नभएको गुनासो गरे । यसअघिका निर्वाचनमा पनि भोट माग्न आउनेले विभिन्न आश्वासन दिएका थिए तर पाँच वर्षमा पनि कार्यान्वयन भएन, उनले भने। गठबन्धनका तर्फबाट उम्मेदवार बनेका डा अधिकारीले जनताको आवश्यकताअनुसारकै काम गर्ने बताए । उनले चितवनमा निकुञ्ज र सामुदायिक वन क्षेत्रबाट निस्कने जनावरले प्रत्येक वर्ष धनजनको क्षति गर्ने गरेको भन्दै त्यसको दीर्घकालीन समाधानका लागि निर्वाचित भएपछि काम गर्ने बताए । चितवनको माडी नगरपालिकामा घरदैलोका क्रममा स्वतन्त्र उम्मेदवारी दिनुभएका दिनेश कोइरालालाई पनि स्थानीयले वन्यजन्तुबाट हुने धनजनको क्षति कम गर्न के गर्न सक्नुहुन्छ भनेर प्रश्न गरे । जवाफमा कोइरालाले आफ्नो निर्वाचन क्षेत्रका सबै ठाउँमा पक्की वालसहितको तारबार लगाउने बताउनुभयो। माडीको धोवाहामा वन्यजन्तुले हरेक वर्ष बाली खाने गरेको स्थानीय राकेश चौधरीले कोइरालालाई गुनासो गरे । चितवन राष्ट्रिय निकुञ्जबाट निस्कने वन्यजन्तुले सबैभन्दा बढी धनजनको क्षति माडीभित्र नै गर्ने गरेको छ । निकुञ्जले घेरेको माडीका मतदाताको उम्मेदवारसँग पहिलो अपेक्षा नै वन्यजन्तुको त्रासबाट मुक्त हुन पाउँ भन्ने छ । चितवनको माडी वडा नम्बर १ र २ का विभिन्न क्षेत्रमा किसानले लगाएको धानबाली गैँडाले नष्ट गरिदिएको गुनासो सेरुवाकी किसान गीता महतोले प्रतिनिधिसभा सदस्यका उम्मेदवार विक्रम पाण्डेलाई घरदैलोका क्रममा गरे । उनले काट्ने तयारीमा रहेको धान गैँडाले नष्ट गरिदिएपछि यस वर्ष के खाने भन्ने चिन्ता थपिएको बताए। उनले बर्सेनि निकुञ्जबाट आउने वन्यजन्तुका कारण बाली पूरै भित्र्याउन नपाइने गरेको गुनासो गरे । पूर्वमन्त्रीसमेत रहनुभएका पाण्डेले आफू माडीको दीर्घकालीन विकासको पक्षमा रहेको भन्दै रिउ करिडोर निर्माण गरेर वन्यजन्तुको समस्या समाधान गर्ने योजनामा रहेको सुनाए । यसरी घरदैलोका क्रममा मत माग्न आउने सबै उम्मेदवारलाई यस क्षेत्रका बासिन्दाले वन्यजन्तुको त्रास कहिलेसम्म भोग्नुपर्ने हो भनेर प्रश्न गरेका छन् । चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष प्रकाश ढुङ्गानाले मानव वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरणका लागि उम्मेदवारले निर्वाचित भएपछि पहिलो प्रथमिकतामा राखेर काम गर्नुपर्ने बताए । उनले सबै मध्यवर्ती क्षेत्रमा पक्की वालसहितको तारबार लगाउन सके धनजनको क्षति कम हुने बताए । उनले निकुञ्जले प्रदान गर्ने क्षतिपूर्ति पनि कम र झन्झटिलो रहेको भन्दै मध्यवर्तीका नागरिकलाई जीविकोपार्जन र आयआर्जनमा जोड्नुपर्ने बताउनुभयो । चुनाव आउन अब केही दिन बाँकी हुँदा राजनीतिक दलहरुले चुनाव प्रचारप्रसार र घरदैलोलाई तीव्र बनाएका छन् । गाउँ केन्द्रित भएका राजनीतिक दलका नेता र उम्मेदवारले जनताका गुनासा सुन्ने तथा आफ्ना प्रतिबद्धता सुनाउँदै भोट माग्ने गरिरहे पनि जनता भने राजनीतिक दलका नेताको विगतलाई अब नदोहोर्‍याउन आग्रह गरिरहेका भेटिन्छन् । रासस

# सहकारी सञ्चालक, ऋणी, व्यवस्थापक र कर्मचारीले १५ दिनभित्र दायित्व बुझाउनुपर्ने

काठमाडौं, २३ कात्तिक




समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले सरकारले समस्याग्रस्त घोषणा गरेका सहकारीका सञ्चालक, ऋणी, व्यवस्थापक र कर्मचारीलाई तिर्नु बुझाउनुपर्ने ऋण र दायित्वको साँवा ब्याज बुझाउन १५ दिने सूचना जारी गरेको छ। समितिले पटकपटक सम्पर्क, पत्राचार र राष्ट्रियस्तरको पत्रपत्रिकामा सूचना प्रकाशन गर्दासमेत हालसम्म पनि संस्थालाई तिर्न बुझाउनुपर्ने ऋण र दायित्व बाँकी भएकाले १५ दिने सूचना सार्वजनिक गरिएको कार्यालय प्रमुख केशवप्रसाद पौडेलले जानकारी दिए । पन्ध्र दिनभित्र तिर्नुपर्ने साँवा ब्याज नबुझाउने सहकारीका सञ्चालक, ऋणी, व्यवस्थापक र कर्मचारीलाई कानुनबमोजिम कारबाही गरिने भएको छ । सरकारले समस्याग्रस्त घोषणा गरेका स्ट्याण्डर्ड सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड, प्रभु वचत तथा ऋण सहकारी संस्था लिमिटेड, कन्जुमर वचत तथा ऋण सहकारी संस्था लिमिटेड, चार्टर्ड सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड, स्ट्याण्डड मल्टिपर्पोज को-अपरेटिभ लिमिटेड, लु:निभा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड छन् । यसैगरी प्यासिफक सेभिङ एण्ड इन्भेष्टमेन्ट को-अपरेटिभ लिमिटेड, कोहिनुर हिल सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड, कुबेर वचत तथा ऋण सहकारी संस्था लिमिटेड, भेगास वचत तथा ऋण सहकारी संस्था लिमिटेड र सोसाइटल वचत तथा ऋण सहकारी संस्था लिमिटेड रहेका छन् । सरकारले घोषणा गरेका समस्याग्रस्त सहकारीको व्यवस्थापन कार्यालयले नै गर्दै आएको जानकारी पनि समितिको सदस्य सचिवसमेत रहेका कार्यालय प्रमख पौडेलले दिए । समस्याग्रस्त सहकारीका धेरैजसो वचतकर्तालाई रकम फिर्ता गरिएको समितिले जनाएको छ । बाँकीलाई पनि छिटो वचत फिर्ता गर्न कानुनबमोजिम कारबाहीको चरणमा प्रवेश गर्न बाध्य भएको उनले सुनाए । रासस

# गाउँमै स्वरोजगारको माध्यम बन्दै कुखुरापालन

नवलपुर, २३ कात्तिक



आफ्नो ठाउँमा रोजगारको सम्भावना नदेखेर विदेसिनेहरुका लागि नवलपरासी (बर्दघाट-सुस्तापूर्व)का कृषक स्वेदशमै केही गर्न सकिन्न भन्ने गतिलो उदाहरण बनेका छन्। जिल्लाका विभिन्न क्षेत्रमा युवाहरुले स्थानीय जातका (लोकल) तथा ब्वायलर कुखुर पाल्दै गाउँमै सम्भावना भएको प्रमाणित गरेका छन् । गैँडाकोट नगरपालिका-८ का गोविन्द आचार्य बिहान उठेदेखि रातिसम्म कुखुराकै खोरमा समय बिताउछन । एक हजार पाँच सय स्थानीय जातका कुखुरा पालेका आचार्यले मासिकरुपमा खर्च कटाएर रु ६० हजार बचत हुने बताए । परिवारसँगै रमाएर आफ्नै गाउँमा बसेर काम गर्नुको मज्जा नै छुट्टै छ, आचार्यले भने , विदेसिनेहरु सबैको राम्रो भएको पनि कहाँ छ र ? तर म यहीँ खुसी छु, रमाएर काम गरिरहेको छु ।कुखुराका लागि आवश्यक पर्ने दाना आफैँ उत्पादन गर्ने आचार्यलाई कुखुरापालनमा उनकी श्रीमती र परिवारको साथ मिलेको छ । कुखुरापालनमा लागेर पाँचजनाको परिवार सहजै पालिएको आचार्य बताउछन । कुखुरापालन गर्ने समयमा केही गाह्रो भएको थियो बिस्तारै परिवारको साथ र अनुभवले कामलाई सहज बनायो र आम्दानी बढायो, आचार्यले भने , कुनै पनि काममा निरन्तरता दिँदै र मेहनत गरेमा सफलता मिल्ने रहेछ ।यहाँ लामो समय वैदेशिक रोजगारमा गएका स्थानीय पनि फर्किएर कुखुरापालन व्यवसायमा लागेका छन् । दश वर्षसम्म वैदेशिक रोजगारमा दुबई बस्नुभएका मध्यविन्दु-३ ब्रह्मस्थानका नन्दे गुरुङ अहिले गाउँमै स्वरोजगार बन्नुभएको छ । दुई वर्षअघि दुबईबाट फर्किएर गुरुङ व्यावसायिकरुपमा कुखुरा, बाख्रा र बङ्गुरपालन सुरु गर्दै स्वरोजगार बनेका छन ।

दुबईमा रहँदा मासिक रु एक लाखभन्दा बढी कमाई गर्ने उहाँ स्वेदशमै केही गर्ने चाहना बोकेर गाउँ फर्किएको बताउहुन्छ । दुबईमा मेरो आम्दानी राम्रो थियो, ओभरटाइम गरेर त महिनामै एक लाखभन्दा बढी पैसा कमाउने गरेको थिएँ, गुरुङले भने , अहिले घरमै बसेर आफ्नै काम गर्दा पनि राम्रो कमाई भइरहेको छ ।

उमेरले ५२ वसन्त पार गर्नुभएका गुरुङ घर फर्किएपछि विदेश जान मन नलागेको बताउछन । यहीँ बसेर काम गर्दा घरपरिवारको हेरविचार गर्दै आफ्नै पेसाबाट राम्रो कमाई हुने भएपछि फेरि विदेश जान मन लागेन, गुरुङले भने , लकडाउनको समयमा कुखुरापालन व्यवसाय सुरु गर्दै कृषि कर्ममा होमिएँ, अहिले बाख्रा र बङ्गुर पनि थपेको छु । पशुपन्छीपालनका लागि आफ्नै जग्गा प्रशस्त भएका कारण पनि उनलाई विदेश जान मन नलागेको अनुभव उहाँ सुनाउछन । विदेश गएर अर्काको काम गरेर लाख कमाउनभन्दा आफ्नै घरमा परिवारसँग बसेर स्वरोजगार बन्नु ठूलो रहेछ, गुरुङले भने , विदेश गएर अर्काको ठाउँमा मेहनत गर्नुभन्दा स्वदेशमै पसिना बगाउँदा सुन फलाउन सकिन्छ जस्तो लाग्दैछ । नन्दे गुरुङकै २५ वर्षीय छोरा उत्तम गुरुङ दुई वर्ष दुबई बसेर गाउँमै फर्किनुभयो ।

अरूको देशमा काम गर्नुभन्दा घरमै बसेर केही गर्ने बाबुछोराको सल्लाह भएपछि आफू पहिले गाउँ फर्किएको उत्तमको भनाइ छ ।

अर्काको देशमा अरूले भनेकोअनुसार काम गर्नुपर्छ, केही काम बिग्रियो भने तबल पनि काट्छ अझै भएन भनेर गालीसमेत खानुपर्छ, उत्तमले भने , यहाँ हामी आफैँले फार्म सञ्चालन गरेका छौँ, बाबा र म मिलेर काम गर्छौं, धेरै सजिलो छ ।

घरमा आएर सुरु गरेको व्यवसायबाट आफूहरु सन्तुष्ट रहेको उत्तमको भनाइ छ । सुरुमा हामीले एउटा ठूलो खोर बनाएर पाँच सय ब्वायलर कुखुरा पाल्न सुरु गरेका थियौँ, उनले भने , अहिले दुई खोरमा गरी एक हजार पाँच सय जति ब्वायलर कुखुरा पालेका छौँ । कुखुरासँगसँगै बाख्रा र बङ्गुर पनि थपेका छौँ। बाबुछोराले पालैपालो कुखुरा, बाख्रा र बङ्गुरको हेरचाह गर्ने गरेको उत्तमको भनाइ छ । आफ्नो फार्ममा उत्पादन भएका पशुपन्छी बिक्रीका लागि बजारको समस्या नरहेको उहाँहरु बताउछन । हामीलाई बजारको कुनै समस्या छैन, उनले भने , कुखुरा, खसीबोका तथा बङ्गुर खरिदका लागि व्यापारी घरमै आउने गरेका छन् । पछिल्लो समय कुखुरालाई खुवाउने दाना महँगिएका कारण केही अप्ठ्यारो भएको गुरुङले गुनासो गरे । उत्पादन लागत बढेअनुसार बिक्री मूल्य नपाउँदा भने लगानी उठाउनै मुस्किल हुने गरेको गुरुङले दुःखेसो पोखे । जिल्लामा व्यवसाय दर्ता गरेर कुखुरापालन गर्ने कृषकको सङ्ख्या बढ्दै गइरहेको छ । थोरै समय र मेहनबाट पनि राम्रो आम्दानी हुँदा कृषक कुखुरापालन व्यवसायमा उत्साहित भएका छन् । सरकारले दिँदै आएको अनुदान असली व्यवसायीलाई दिन सकेको खण्डमा युवाहरुको विदेसिने क्रम घट्ने व्यवसायी बताउँछन् ।रासस

# निकुञ्जको पचास हेक्टरमा नयाँ घाँसेमैदान

भरतपुर, २३ कात्तिक

चितवन राष्ट्रिय निकुञ्जमा चालु आर्थिक वर्ष २०७९/८० मा ५० हेक्टर क्षेत्रफलमा नयाँ घाँसेमैदान तयार गरिने भएको छ । दुर्लभ वन्यजन्तु एकसिङ्गे गैँडा, पाटेबाघ, हरिणलगायतका जनावरको संरक्षणका लागि यस वर्ष पनि निकुञ्जले घाँसेमैदानको कामलाई प्राथमिकता दिएको हो । यस वर्ष निकुञ्जले दुई सय २५ हेक्टर क्षेत्रफलमा घाँसेमैदान व्यवस्थापनको काम गर्ने जनाएको छ। निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीले घाँसेमैदान व्यवस्थापनका लागि बोलपत्र आह्वान भएर सम्झौताको चरणमा रहेको बताए । उनले निर्वाचनलगत्तै घाँसेमैदान व्यवस्थापनको काम सुरु गरिने जानकारी दिए । यस वर्ष नयाँ घाँसेमैदान निर्माणका लागि २५ लाख र व्यवस्थापनका लागि ३३ लाख बजेट विनियोजन भएको तिवारीले बताउनुभयो । उहाँले बजेटअभावका कारण थोरै क्षेत्रफलमा मात्रै घाँसेमैदान निर्माण र व्यवस्थापनको काम गर्न लागिएको जानकारी दिए । निकुञ्जमा आर्थिक वर्ष २०७६/७७ मा छ सय हेक्टर क्षेत्रफलमा नयाँ घाँसेमैदान निर्माण र ५८ हेक्टरमा व्यवस्थापनको काम भएको थियो। यस्तै २०७७/७८ मा सात सय हेक्टरमा निर्माण र चार सय हेक्टरमा व्यवस्थापनको काम भएकामा आर्थिक वर्ष २०७८/७९ मा ५० हेक्टरमा नयाँ घाँसेमैदान निर्माण र तीन सय आठ हेक्टरमा व्यवस्थापनको काम भएको निकुञ्जले जनाएको छ। निकुञ्जभित्र घाँस प्रजातिले ढाकेको क्षेत्रलाई घाँसेमैदानका रुपमा लिइन्छ । निकुञ्जको नौ सय ५२ वर्गकिलोमिटर क्षेत्रफलमध्ये करिब १० प्रतिशत मात्रै घाँसेमैदान छ । साना किरा फट्याङ्ग्रा, सरिसृपदेखि ठूला स्तनधारी प्रजाति गैँडा, बाघ, हात्तीलगायत अन्य खुर भएका प्रजातिका वन्यजन्तुलाई घाँसेमैदान विचरण गर्न, खेल्न, हिँड्डुल गर्न, घाम ताप्न, आराम गर्नका लागि अत्यन्तै उपयोगी हुने चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत हरिभद्र आचार्यले बताए । निकुञ्जका जनावर मात्र नभएर जैविक विविधताको संरक्षण र पर्यावरणमा सन्तुलन कायम राख्नसमेत घाँसेमैदानले ठूलो भूमिका निर्वाह गर्ने उनको भनाइ छ ।'निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रका घाँसेमैदानमा मुख्य घाँस प्रजातिमध्ये दुबो, काँस, सिरु, बरुवा, नर्कट, थमेडा, ढड्डी आदि पाइन्छन्, आचार्यले भने , निकुञ्जको घाँसेमैदानमा ५० भन्दा बढी प्रजातिका घाँस छन् जुन यहाँका वन्यजन्तुको मुख्य आहारसमेत हो । निकुञ्जले यस आर्थिक वर्षमा पूर्वको सौराहा घाटदेखि पश्चिमको पुरानो टाइगर टप क्षेत्रसम्म घाँसेमैदान निर्माण र व्यवस्थापनको काम गर्ने जनाएको छ । घाँसेमैदान व्यवस्थापनअन्तर्गत अग्लो घाँस-ढड्डी काट्ने, आगो लगाएर जलाउने, जरासहित रूख हटाउने, स-साना पोथ्रा हटाउने, रूखको मुना हटाउनेजस्ता काम हुने आचार्यले बताए । चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष प्रकाश ढुङ्गानाले निकुञ्जभित्रको घाँसेमैदान राम्रो व्यवस्थापन हुन नसकेमा वन्यजन्तु मानवबस्ती आउन सक्ने बताए । घाँसेमैदान व्यवस्थापन र नयाँ निर्माणमा निकुञ्जको बजेट थोरै भएको बताए । रासस

# कोप-२७: जलवायु संकटसंग जुध्न व्यावहारिक बाचाको पर्खाइ

काठमाडौं, २३ कात्तिक
इजिप्टको शार्म एल् शेख सहरमा दुई दिनदेखि संयुक्त राष्ट्रसङ्घीय जलवायु सम्मेलन (कोप-२७) जारी छ । नेपाललगायत विश्वका १९० बढी देश सहभागी भएर संसारकै पेचिलो समस्या-जलवायु परिवर्तन-का विविध पक्षमा घनीभूत छलफल चलाइरहेको यो विश्व सम्मेलनलाई विशेष चासोका साथ हेरिएको छ ।

जलवायु सङ्कटसँग जुध्न विश्वका नेताले कस्तो वार्ता र वाचा गर्लान् भन्ने कुरामा सबैको ध्यान इजिप्टतिर मोडिएको छ। हुन त पेरिस सम्झौता-२०१५ पछि सबैभन्दा महत्वपूर्ण सम्मेलनका रुपमा गत वर्ष बेलायतको ग्लास्गोमा भएको कोप-२६ लाई लिइए पनि त्यो सम्मेलनले मिश्रित प्रतिक्रिया पाएको थियो ।

विश्वका शक्ति राष्ट्रले १९९० को दशकदेखि नै उठेको हानि नोक्सानीको विषय र साना राष्ट्रलाई दिइने वार्षिक एक सय अर्ब डलर सहयोगको वाचालाई कोप-२६ मा पनि पन्छाए ।

यसले नेपाललगायत स्रोतविहीन थुप्रै साना र अतिकम/अल्पविकसित राष्ट्रलाई निराश बनाएको थियो । जलवायुजन्य हानि-नोक्सानीका घटना संसारभर बढिरहेकै छन्। पाकिस्तानको बाढी होस् या युरोपको उर्लंदो तापक्रम, विश्वले अनेक विषम, अतिशय जलवायुजन्य दुर्घटना खेपिरहेकै छ । युरोपमा असह्य तापक्रम बढ्दा कतिले त्यसलाई 'क्लाइमेट हेल' (जलवायु नर्क) को संज्ञा दिएका थिए। यसै क्रममा जलवायु परिवर्तन र विश्वमा यसको असरसम्बन्धी अत्यासलाग्दा प्रतिवेदनहरु पनि सार्वजनिक भइरहेका छन् ।

कोप-२७ को पूर्वसन्ध्यामा राष्ट्रसङ्घीय वातावरण कार्यक्रम (युनेप) ले अनुकुलन ढिलाई र उत्सर्जनमा अन्तरसम्बन्धी दुई प्रतिवेदन सार्वजनिक गरेको छ। जलवायु परिवर्तनका जल्दाबल्दा विषयवस्तु र जलवायु परिवर्तनसम्बन्धी राष्ट्रसङ्घीय ढाँचा महासन्धि (युएनएफसिसी) का सदस्य राष्ट्रले कोप-२६ मा गरेका बाचाको समीक्षा गरी तयार पारिएका यी दुई प्रतिवेदनले अनुकूलता र उत्सर्जनसम्बन्धी बाचा र व्यवहारमा ठूलो अन्तर देखाउँदै विश्वलाई चेतावनी दिएका छन् । समग्र मावन जीवन र यस धर्तीलाई जलवायु परिवर्तनले एकपछि अर्को मुक्का प्रहार गरिरहेको छ, जुन प्रहार विश्वले भविष्यमा हरित गृह ग्यास उत्सर्जनमा कमी ल्याए पनि, अझ भयङ्कर हुदै जाने छ, युनेपको अनुकूलन ढिलाइसम्बन्धी प्रतिवेदनमा लेखिएको छ ।

'अति कम, अति ढिलो' शीर्षक दिइएको उक्त प्रतिवेदनले जलवायु अनुकूलनका कार्य सुस्त र असफल भएका हुनाले विश्वले तत्काल ती कार्यमा बढोत्तरी गर्न ढिला भैसकेको छ भनी चेतावनी दिएको छ । त्यस्तै उत्सर्जनसम्बन्धी प्रतिवदेनले पेरिस सम्झौताअनुसार यस शताब्दीको अन्त्यसम्म विश्व तापमान वृद्धिलाई १.५ डिग्रीमै कायम राख्ने अर्थात् २ डिग्रीभन्दा तल सिमित राख्ने देशहरुको प्रयास असफल भई २.८ डिग्रीसम्म बढ्ने कडा चेतावनी दिएको छ ।

यो आँकलन विश्वका विभिन्न राष्ट्रले अवलम्वन गरेका नीतिमा आधारित छ, अर्थात जलवायु परिवर्तन अनुकूलनका अहिलेसम्मका हाम्रा प्रयास र नीति अत्यन्त धिमा र अप्रभावकारी छन्, बढ्दो तापक्रमको मात्र कम गर्नेमा दिशमा छैनन् । यसका लागि हरितगृह ग्यासको उत्सर्जनमा भयानक कटौती अत्यावश्यक छ । जलवायु वित्त पनि उत्तिकै महत्वपूर्ण पक्ष हो ।

युनेप प्रतिवेदनका अनुसार विकासशील राष्ट्रलाई दिइने भनेको अनुकूलन वित्त बाचा गरेको भन्दा ५ देखि १० गुणा कम छ ।

बाचा पूरा गर्नका लागि हरेक वर्ष विश्वमा १६० देखि ३४० अर्ब अमेरिकी डलर प्रतिवर्ष आवश्यक पर्ने प्रतिवेदनले आँकलन गरेको छ। अतिकम विकशीत राष्ट्र नेपाल अर्थतन्त्र र आन्तरिक स्रोत साधनमा कमजोर भएकाले अनुकूलन वित्तका कुरा अर्थपूर्ण छन् । यसका अतिरिक्त युक्रेन-रसिया युद्ध र शक्ति राष्ट्र फरक-फरक प्रतिक्रियाको पृष्ठभूमिमा भइरहेको छ यो जलवायु सम्मेलन। विशेषगरी शक्ति राष्ट्र र उदाउँदा अर्थतन्त्रले स्रोतहीन साना र अतिकम विकसित राष्ट्रको सङ्कटलाई कम गर्न कस्तो सहयोगको बाचा गर्छन् र बाचा पूरा गर्ने तत्परता देखाउँछन् देखाउँदैनन्, यो उत्तिकै गम्भीर र चासोको विषय हो। वैश्विक परिवेशमा हेर्दा जलवायु परिवर्तनमा नेपालको नगन्य भूमिका छ तर जलवायु सङ्कटापन्न मुलुकमध्ये अग्रभागमा छ । त्यसैले नेपालले यो विश्व मञ्चलाई सदुपयोग गर्ने सम्बन्धित मन्त्रालयले जनाएको छ । नेपालले पनि जलवायु परिवर्तनसम्बन्धी आफ्ना विभिन्न प्रतिवेदन र राष्ट्रिय अवधारणा पत्र/दस्तावेजमा हानि नोक्सानी, अनुकूलन र यसका लागि चाहिने आर्थिक, प्राविधिक सहयोग जोडदाररुपमा उठाउने भएको छ ।

कोप-२७ लाई जलवायुजन्य हानी नोक्सानी र साना राष्ट्रलाई विकसित राष्ट्रले दिने सहयोगको बाचा सम्झाउने सुअवसरका रुपमा नेपालले लिएको स्पष्ट छ । नेपालबाट मन्त्रीस्तरीय प्रतिनिधिमण्डल यतिखेर सम्मेलनमा भाग लिइरहेको छ । नत्यस्तै नेपालले हिमाली राष्ट्रका साझा समस्याका विषयमा पनि कोप-२७ मा उठाउँदैछ ।

यसैबीच, लामो समयसम्म औपचारिक छलफलबाट पन्छाइएको हानी नोक्सानीको विषयलाई यसपटक बृहत् बहस र बार्तापश्चात् कोप-२७ को औपचारिक कार्यसूचीमा राख्न सफल भएकामा नेपाललगायत विभिन्न राष्ट्र, वार्ताकार र जलवायु वकालतकर्ताले खुसी व्यक्त गरेका छन्। जलवायु ऐक्यवद्धता सम्झौता प्रस्ताव सम्मेलनलाई सम्बोधन गर्दै संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटे्रसले जलवायु ऐक्यवद्धता सम्झौता प्रस्ताव गरेका छन् । सम्मेलनलाई सम्बोधन गर्दै उनले भने, हामी ऐतिहासिक घडीमा छौं । यतिखेर जलवायु सङ्कट सामना गर्नका लागि विशेषगरी विकसित र विकासशील राष्ट्रहरुबीच साझा रणनीति र सामूहिक स्रोत सिर्जनाका लागि जलवायु ऐक्यवद्धता सम्झौता आवश्यक छ ।

जलवायु सङ्कटसँग जुध्न महासचिव गुटे्रसले भने झैं विकसित र विकासशील राष्ट्रको विशेष भूमिका आवश्यक छ । उनीहरुले हरितगृह ग्यास उत्सर्जन कटौतीका लागि गर्ने बाचा र प्रदर्शन गर्ने व्यवहारले नै यो युगको जटिल समस्या कम गर्न सहज हुन्छ । एकपक्षीय दबाव, प्रभाव, र अवाञ्छित प्रतिस्पर्धाभन्दा पनि सहकार्यबाट नै विश्वले सुरक्षित भविष्य तय गर्न सक्ला । त्यसैले यतिखेर व्यवहारिक बाचाको खाँचो छ । विश्वका अनेक राजनीतिक घटनाका बाबजूद पनि जलवायु सङ्कट बृहद् छ, सर्वव्यापी छ ।

यता नेपालको घरेलु परिवेशमा पनि जलवायु परिवर्तनलाई बहुसरोकारको विषय बनाउनु उत्तिकै जरुरी छ। स्थानीय तहमा जलवायु परिवर्तनसम्बन्धी साक्षरता, सहभागितामूलक अनुकूलन, पारदर्शी शासकीय व्यवहार, परम्परागत असल अभ्यासलाई निरन्तरता र मान्यता, र खर्च गर्ने क्षमताको विकास पनि हाम्रा लागि महत्वपूर्ण छन् । भोलि जलवायु वित्तअन्तर्गत नेपालले आर्थिक सहायता र सुविधाको लाभ लिन पनि यी पक्षलाई गहन रुपमा व्यवहारमा उतार्नुपर्छ। रासस

# पार्टी निर्णय विरुद्ध लाग्ने माओवादीका १६ जनामाथि कारवाही

जनकपुरधाम, कात्तिक २३ । पार्टीलाई असहयोग हुने गरी उम्मेदवारी दिएको र त्यसलाई सघाउने १६ जनालाई नेकपा माओवादी केन्द्र मधेश प्रदेश कमिटीले साधारण सदस्य समेत नरहने गरी कारवाही गरेको छ । पार्टीको निर्णय र नीति विपरीत स्वतन्त्र उम्मेदवारी दिने, उम्मेदवारको प्रस्तावक र समर्थक बस्ने महोत्तरी, सर्लाही र रौतहटका साधारण सदस्य नरहने गरी कारवाही गरिएको माओवादी केन्द्र मधेश सचिवालयले जनाएको छ। प्रदेश सचिवालयका भूपेन्द्र यादवका अनुसार महोत्तरीका ३ जना, सर्लाहीका ११ र रौतहटका २ जनालाई पार्टीद्वारा अनुशासनको कारवाही गरिएको हो । पार्टीको अन्तरिम विधान २०७८ को धारा ७(१) (छ) को पार्टीको सिद्धान्त, कार्यक्रम, नीति प्रभावित भएकाले धारा ९(१) (ग) बमोजिम पार्टीले तपशिलका नेता कार्यकर्तालाई अनुशासनको कारवाही गरी आजको मितिदेखि नै लागू हुने गरी कारवाही गरिएको उनले जनाएको छ ।

महोत्तरी क्षेत्र नम्बर १ अन्तर्गत 'ख' मा माओवादीका उम्मेदवार भरत साह विरुद्ध स्वतन्त्र उम्मेदवारी दिएका विष्णुबहादुर योञ्जन र उनका पृथ्वीबहादुर बलम्पाकी र समर्थक विजयकुमार यादवलाई कारवाही गरिएको हो । उनका अनुसार रौतहटमा स्वतन्त्र उम्मेदवार प्रभु साहलाई सघाउन सहयोग गर्न उम्मेदवारी फिर्ता लिन पार्टीले पटक पटक निर्देशन दिंदा पार्टीको निर्देशनलाई अटेर गरेको कारण रविन्द्र पटेल धिरज र पार्टीको निर्णय विरुद्ध दिएपनि अटेर गर्दै दिंदा अटेर गर्दै आएको र स्वतन्त्र उम्मेदवार ओमप्रकाश साहलाई सघाएको कारण कारवाही गरिएको छ ।

त्यस्तै सर्लाहीमा पार्टीको उम्मेदवार विरुद्ध उम्मेदवारी दिएकाहरु सर्लाही ३ (१) मा जवाहरलाल कुशवाहा, ४ (२) मा अनिता यादव, महेन्द्र यादव, श्रीचन यादवलाई पनि कारवाही गरिएको माओवादी केन्द्र मधेश प्रदेशका इन्चार्ज गणेश साहले जानकारी दिएका छन ।

सर्लाहीमा कारवाहीमा परेकाहरुलाई कात्तिक १८ गते र महोत्तरी तथा रौतहटका लाई कात्तिक २३ गतेको निर्णयबाट कारवाही गरिएको पार्टी सचिवालयले जनाएको छ ।

# ऐतिहासिक क्रान्ति ..................

पुस्तकहरुमा उल्लेख गरिएको छ ।

गौरको इतिहास कतिको पुरानो रहेको छ भन्ने विषयमा कसैलाई पनि जानकारी रहेको छैन । यसैगरी कर्नाट कालीन राजा शिवसिंह (सेवई सिंह) ले गौरको महादेवपटीमा निमार्ण गराएको बानेश्वर महादेव मन्दिर स्थापित रहेको छ । सोही समयको सुवर्णा माई मन्दिर पनि रहेको छ । मन्दिरहरु हुनुले पनि बस्ती रहेको तथ्यलाई सावित गर्दछ । राणा शासनकालमा जाडो छल्न राणाहरु हजमिनिया दरबारमा आउने गरेको र यहीँबाट देशको शासन केही महिना सञ्चालन गर्दथे भनिन्छ। त्यस समयमा गौर गुल्जार थियो । यहीँ गौरको छिमेकी भारतीय बजार बैरगनियामा नेपाली काँग्रेसको सम्मेलन भएको थियो । जसले नेपालमा सशस्त्र क्रान्ति गरी राणा शासन हटाउने निर्णय भएको थियो ।

राणा शासनलाई ढाल्न गौरले निकै ठूलो बलिदान दिएको छ । २००७ मंसिर ३ गतेका दिन गौरमा ठुलो आन्दोलन भएको थियो । तत्कालिन सेनाले सर्वसाधारणको जुलुशमाथि अन्धाधुन्ध गोली चलाउँदा दर्जनो आन्दोलनकारी शहिद भएका थिए । यसैले गौरलाई क्रान्ति भूमि पनि भनिन्छ । २०४६ सालको जनआन्दोलन, माओवादी शसस्त्र द्धन्ददेखि मधेश आन्दोलनसम्म गौरले रगत बगाएको छ । जिल्लाको सदरमुकाम हुनुका नाताले पनि सबै आन्दोलनको केन्द्रबिन्दु गौर हुनु स्वभाविक हो तर हरेक जसो आन्दोलनमा गौर आफै पनि सहभागि हुने गरेको छ । २००७ सालको आन्दोलनदेखि केन्द्र भएकोले गौरको राजनीतिक राजनीति चेतना उच्च मानिन्छ । ऐतिहासिक धरोहर सदरमुकाम गौरमा केही ऐतिहासिक धरोहरहरु पनि छन् । गौर बजार आफैमा एउटा ऐतिहासिक बजार हो । नेपाल अंग्रेज युद्ध हुनुभन्दा पहिला देखि नेपाल र अंग्रेजबीच विवादास्पद जमिनमध्ये गौरको जमिन पनि हो । सुगौली सन्धी पश्चात नेपाल अंग्रेज युद्ध समाप्त भई नेपालको नँया सिमाना निर्धारण हुनुभन्दा पहिला देखि नै गौरमा बजार लाग्दै आएको इतिहास रहेको छ । भन्सार कार्यालय नजिकै लाग्दै आएको हाट बजार यस क्षेत्रको प्राचिन हाट बजार हो । यस बजारको संरक्षण हुन नसक्दा यसको अस्तित्व लोप हुन थालेको छ । तर सदरमुकाम गौरमा भने व्यापारिक प्रतिष्ठानहरु निरन्तर बढिरहेका छन् ।

राणकालिन समयमा निमार्ण भएको पुरेनवा दरवार एउटा ऐतिहासिक धरोहर रहेको छ। भवन निमार्णको एउटा उष्कृट कला पनि हो। राणा तुंग शम्शेरले निमार्ण गराएको पुरेनवा दरवारको वास्तविक नाम विलासकुञ्ज पनि हो । अहिले यस दरवारमा नेपाली सेनाको एउटा टोली रहने गरेको छ । हाल रौतहट जिल्ला अदालत परिसरमा रहेको शहिद स्तम्भ त्यो स्थान हो जँहा राणा शासन विरुद्ध संर्धष गर्दागर्दै केही आन्दोलनकारीहरु शहिद भएका थिए। गौरका प्रथम शहिद शिवप्रसाद कुँवरको स्मारक यँहा रहेको छ। यँहा हरेक वर्ष मंसिर ३ मा बहिदान दिवश मनाउने चलन छ। माघ १६ र फागुन ७ गतेका दिन पनि शहिदको सम्झना गर्ने गरिन्छ ।

# मधेश प्रदेश प्रतिनिधी सभा निर्वाचन ............

एमालेको सरकारमा मन्त्री हुन गए, केपी ओलीले गलहत्याएर मन्त्रीपदबाट बर्खास्त गरे, अहिले तिनै केपीसँग चुनावी गठबन्धन गरिएको छ' सिंह भन्छन् 'राजनीतिमा इमान्दारीता पनि हुन्छ, सप्तरीका मतदाताले सबै हिसाव किताव राखेका छन् ।'

करिव ९६ हजार मतदाता रहेको सप्तरी दुईमा कुनै एउटा जाती विशेषको बर्चस्व छैन । यस क्षेत्रमा यादवहरुको मतदाता संख्या करिव १६ हजार छ, मण्डलहरुको करिव १९ हजार, मुस्लिम जनसंख्या करिव ७ हजार । बाँकी जनसंख्यामा विभिन्न जातजाती छन् । उपेन्द्रले यादव र मुस्लिम समुदायको भोट लिने रणनीतिमा रहेको देखिन्छ । जानकारहरु भने यादवको यस्तो रणनीति कामयाव नहुने बताउँछन् ।

सप्तरीको दुई नम्बरमा सदरमुकाम राजविराज नगरपालिकाका सबै वडा पर्दछन् । नगरपालिकामा जसपा कमजोर देखिन्छ । अघिल्लो चुनावमा सप्तरीमा आएर चुनाव लड्न आग्रह गर्ने शम्भु यादव जो पूर्व मेयर समेत हुन् उनी उपेन्द्रबाट टाढिएका छन्। लोसपाका पुराना नेता शम्भुलाई यसपटक पनि मेयरको टिकट दिने विश्वास दिएका उपेन्द्रले अन्तिम समयमा ठेकेदार भिमराज यादवलाई टिकट दिएका थिए । उपेन्द्रको यो कदमबाट शम्भु माओवादीमा पुगे र मेयरको उम्मेदवार बनेका थिए । नगरपालिका चुनावमा भिमराज विजयी भए, शम्भु दोश्रो नम्बरमा आए । तर, अहिले नगरपालिकाको पूर्ण साथ उपेन्द्रसँग छैन, कारण मेयर भिमराज जो पेशाले ठेकेदार हुन्। हाल उनी भ्रष्टाचारको आरोपमा निलम्बनमा छन्, अख्तियारले भ्रष्टाचार गरेको नगरेको छानविन गर्दैछ । जसका कारण नगरपालिकाको काम ठप्प छ ।

शम्भु यादव सत्ता गठबन्धनसँग एमाले गठबन्धनको तुलनामा दोब्बर मत रहेको बताउँदै सत्ता गठबन्धनका उम्मेदवार विजयी हुने ठोकुवा गर्दछन् । 'एमालेसँगको उहाँको गठजोड यहाँ सप्तरीमा काम लाग्दैन' शम्भु भन्छन् 'कुनै बेला आफँैले शत्रु भनेको पार्टीसँग मित्रता गरेको कुरा जनताले स्वभाविक रुपमा लिएका छैनन् । जनताले मलेठ घटना भुल्न सक्तैनन् ।'

सप्तरी नागरिक समाजका अध्यक्ष थानसिंह भन्साली भने अहिलेसम्म उपेन्द्रकै चर्चा बढी रहेको बताउँछन् । 'अहिलेसम्मको चुनावी हावामा उपेन्द्र अगाडीनै देखिन्छन्' भन्साली भन्छन् ' जनतामा नयाँ अनुहार हेर्ने चाहना पनि हुन्छ, त्यस्तो देखिएको पनि छ । तर, मेरो बिचारमा उपेन्द्र सुरक्षित छन्, अहिलेसम्म ।' भन्साली चुनावमा जातजाती, नातागोता, पैसा लगायतका पक्ष प्रभावकारी हुने भएकाले अहिलेनै यसै हो भन्नसक्ने अवस्था भने नरहेको बताउँछन् ।

### महन्थ ठाकुर : त्रिपक्षीय भिडन्तको चुनौती

लोसपा अध्यक्ष महन्थ ठाकुर महोत्तरी तीनबाट दोश्रो पटक निर्वाचित हुने विश्वासमा जोडतोडले चुनावी प्रचारमा छन् । २०७४ को निर्वाचनमा तत्कालीन राजपाका नेता महन्थ १८ हजार ३ सय ३६ मतको अन्तरमा विजयी भएका थिए । एमालेका विजय चौधरीलाई पछार्दै निर्वाचित हुनुका पछाडी मधेशवादी दल एक थिए र कांग्रेसले आफ्ना उम्मेदवार बजरंग नेपालीको उम्मेदवारी फिर्ता लिएर महन्थलाई सघाएको थियो । अहिले परिस्थिति बदलिएको छ । सत्ता गठबन्धनका उम्मेदवार महन्थलाई जसपाका हरिनारायण यादव, एमालेका वागी रामअवतार कापरले चुनौती दिएका छन्। त्यसो त महन्थले रोपेको तमलोपाबाट पूर्व राष्ट्रियसभा सदस्य वृषेशचन्द्र लाल पनि स्वतन्त्र उम्मेदवार छन् । कमजोर संगठन र जनकपुरका स्थानीय लालका लागि पैतृक थलो महोत्तरी त्यतिधेरै परिचित छैन । लालले महन्थको पक्षको केही भोट लिनसक्ने स्थानीय बताउँछन् ।

हरिनारायणलाई एमालेको साथ छ । त्यसमा जसपाको संगठन अन्य दलको तुलनामा प्रभावकारी मानिन्छ । स्थानीय निर्वाचनमा तीन नम्बर क्षेत्रमा पाँच वटा स्थानीय तहमध्ये ३ वटामा जसपा, एकवटामा लोसपा र एकवटामा कांग्रेसका उम्मेदवार विजयी भएका थिए । बलियो संगठन आधार र एमालेको साथ पाएको भए पनि एमालेबाट विद्रोह गर्दै रामवतार कापर स्वतन्त्र उम्मेदवार बनेर भिडी रहेका छन् । एमालेबाट टिकटका आकांक्षी कापर स्थानीय तह निर्वाचनमा जलेश्वर नगरपालिकाको निर्वाचनमा एमालेकै उम्मेदवार थिए, परिणाममा उनी तेश्रो स्थानमा खुम्चिए ।

जलेश्वरका पत्रकार महेश दास क्षेत्र नम्बर तीनमा जातीय आधारमा निर्वाचन परिणाम प्रभावित हुने गरेको विगत बताउँदै, निर्वाचनमा जातीय पकड , पैसा निर्णायक हुने अनुभव सुनाउँछन् । दासका अनुसार, तीन नम्बर क्षेत्रमा ब्राह्मण, भूमिहार,यादव, मुस्लिम मुख्य जाति हुन् भने चुनावमा प्रभाव पार्ने पचकोनिया भनेर चिनिने जातीय समुहहरु छन् । करिव ९० हजार मतबाट ,कसले कति पाउँने हुन अहिल्यै यकिन गर्न नसकिने उनको विश्लेषण छ ।' अहिलेसम्म त्रिपक्षीय भिडन्त देखिन्छ, निर्वाचन हुने दिनसम्मको वातावरण कस्तो हुने हो' दास भन्छन् 'जाति र पैसाले परिणाम तलमाथि हुने अवस्था छ ।' महन्थले पहिला जसरी ठूलो अन्तरले जितेका थिए, त्यस्तो अवस्था भने अहिले नभएको स्थानीय बताउँछन् ।

स्थानीय अगुवा प्रेमचन्द्र झा त्रीपक्षीय भिडन्त हुने देखिएको बताउँदै कसैको पक्षमा पनि यकिन गर्न नसकिने बताउँछन् । 'स्वतन्त्र उम्मेदवारी दिएका रामअवतार पनि जोडतोडले लागेको देखिन्छ । दुईवटा गठबन्धनका उम्मेदवार महन्थ र हरिनारायण छदैं छन्' झा भन्छन् 'नेताहरुले दिएका आश्वासनहरु जनताले बिर्सिएका छैनन्, यसपटकको चुनाव त्रिपक्षीय हुने देखिन्छ ।' मतदाता पनि चतुर भइसकेको अनुभव झाको छ । 'पैसा एउटाबाट लिने, दारु, मासु अर्कोको खाने, भोट अरुलाई दिने मनस्थिति देख्दैछु' झा भन्छन् 'जनतामा जागरण छ, धोका दिने नेता र काम गर्ने नेता चिन्नसक्ने भएका छन् ।'

महोत्तरी तीनले अहिलेसम्म एकै दललाई दोहोऱ्याएको छैन । ०६४ को पहिलो संविधानसभा चुनावमा तमलोपाका गणेश तिवारी नेपाली विजयी भएका थिए । २०७० को दोश्रो संविधानसभा चुनावमा एमालेका रामदयाल मण्डल निर्वाचित भएका थिए । २०७४ को प्रतिनिधीसभा चुनावमा राजपाका महन्थ ठाकुरलाई रोजेका थिए । अहिलेसम्म पल्लाभारी भएका महन्थलाई नैं रोज्ने हुन वा हरि नाराणयण, रामअवतार, वृषेशचन्द्र मध्येबाट एकजना चुन्ने हुन् ? अहिलेसम्म अन्यौल नै देखिन्छ ।

### राजेन्द्र साइकलमा, महिन्द्र गोलाकार भित्र हँसिया हथौडा

धनुषा तीनवाट अघिल्लो निर्वाचनमा कांग्रेसका विमलेन्द्र निधीलाई पराजित गरेर चर्चामा आएका राजेन्द्र महतो अहिले आफ्नै गृहनगरको क्षेत्र नम्बर दुईबाट प्रतिनिधिसभा उम्मेदवार छन् । लोसपाको केन्द्रीय अध्यक्षको जिम्मेवारी निर्वाह गरिसकेका राजेन्द्र पार्टीका शीर्ष नेतामा पर्दछन् । तर, सत्ता गठबन्धनको साझेदार भएपनि राजेन्द्रले गठबन्धनको उम्मेदवार हुने अवसर पाएनन् । सर्लाहीका अर्का राजनीतिज्ञ जो जसपा विभाजन हुँदा उपेन्द्र यादवलाई छाडेर बाबुराम भट्टराईसँग मिले र नेपाल समाजवादी पार्टी स्थापना गरे । उनै रामचन्द्र अहिले दोहोऱ्याउने रणनीति सहित चुनावी मैदानमा छन् । महिन्द्र आफ्नो पार्टीबाट उम्मेदवार बनेका भएपनि माओवादी केन्द्रको चुनावी चिन्ह लिएका छन् ।

विगतमा राजेन्द्र धुनषाबाट र महिन्द्र सर्लाहीबाट मधेशवादी दलका प्रतिनिधी थिए । त्यसो त राजेन्द्र-महिन्द्रको राजनीतिक प्रतिस्पर्धा नयाँ होइन । २०७० को संविधानसभा चुनावमा महिन्द्रले राजेन्द्रलाई पछारेका थिए । आसन्न चुनावमा के हुन्छ त ? सतहको राजनीतिमा राजेन्द्र, महिन्द्रको साथै एमाले जिल्ला अध्यक्ष राजनारायण साह पनि मैदानमा छन् ।

सत्ता गठवन्धनको गणित महिन्द्रको पक्षमा गयो । राजेन्द्रको पार्टी लोसपा गठबन्धनमा भएपनि उनले अवसर पाएनन् । प्रारम्भमा दुवैले आफूहरुलाई आधिकारिक भन्दै आएपनि अहिले यो मामला मत्थर भएको छ । महिन्द्र माओवादीको चुनाव चिह्नमा सत्ता गठबन्धनका उम्मेदवार हुन् भने राजेन्द्र साइकल चिन्ह लिएर मैदानमा छन् ।

सर्लाही दुई नम्बर क्षेत्र जातिय आधारमा मतदान हुने क्षेत्र मानिन्छ । जानकारहरुका अनुसार पार्टी भन्दा पनि जातिय आधार र पैसाले बलियो अर्थ राख्ने विगतको अभ्यासका कारण यादवको मत महिन्द्रको पक्षमा आउने र अन्य मत राजेन्द्र र एमालेका साहबीच बाँडिने अनुमान गरिदैंछ । यस अर्थमा भिडन्त त्रिपक्षीय हुने देखिन्छ ।

सत्ता गठबन्धनको अव्यवस्था र अन्यौल प्रदेशसभा सदस्यमा देखिन्छ । राजेन्द्रले प्रदेशसभा 'क'मा कांग्रेसका उम्मेदवार जंगिलाल रायलाई लिएका छन् । उता महेन्द्रले माओवादीका सुनिल कुमार साहको साथ लिएका छन् । प्रदेशसभा दुई 'क' मा सत्ता गठबन्धनमा दुई उम्मेदवार दुईजना प्रतिस्पर्धीबीच बाँडिएका छन् । उता एमाले जसपा गठबन्धनमा एक्लो उम्मेदवार जसपाका किसुनदेव यादव मैदानमा छन् । त्यस्तै दुई 'ख'मा कांग्रेसका उम्मेदवार कौशलकिशोर रामचन्द्रको पक्षमा खुलेर लागेका छन् भने लोसपाका मिथुन चौधरी राजेन्द्रको पक्षमा छन् । यहाँ, निवर्तमान सांसद अशोक कुमार यादव, जसपाबाट प्रदेशसभा उम्मेदवार छन् ।

सर्लाही दुईमा त्रिपक्षीय मत बाँडिए पनि यादव भोटका कारण महिन्द्र बलियो उम्मेदवार हुन अहिलेसम्म ।

तर, अन्तिम समयमा हुने पैसाको खेलमा राजेन्द्र सिपालु मानिन्छन् । यादवको जातिय बल वा पैसाको प्रलोभन कसले बाजी मार्ने हो ? अन्यौल छ ।

### एमालेसँग भिड्दै माधव नेपाल

नेपाल कम्युनिष्ट पार्टी (समाजवादी) अध्यक्ष माधव कुमार नेपाल यतिखेर गृहनगर रौतहटमा चुनावी प्रचारमा छन् । कहिले राजधानी काठमाडौं कहिले पैतृकभूमि रौतहटलाई निर्वाचन क्षेत्र बनाउँदै आएका नेपाललाई अहिले मधेशवादी दलबाट एमाले प्रवेश गरेका अजय गुप्ताले दह्रो चुनौती दिएका छन् ।

नेपाल र अजयको चुनावी प्रतिस्पर्धा यो पहिलो होइन । यस अघि २०७० को संविधानसभा चुनावमा पनि उनीहरु प्रतिस्पर्धी थिए । त्यसबेला नेपालले करिव तीन सय भोटले जितेका थिए । अहिले पनि उनीहरुबीच नै प्रतिस्पर्धा हुँदैछ । तर, दुबैसँग पुरानो पार्टी संरचना छैन । नेपाल एमाले विभाजन गरेर नेकपा (समाजवादी) गठन गर्ने आर्किटेक्ट हुन्, उनी आफैं दलको अध्यक्ष पनि हुन् । उता गुप्ता २०७० मा मधेशवादी दल सदभावनामा थिए । त्यसपछिको स्थानीय तह चुनावमा उनी मधेशवादी दलकै तर्फबाट गौर नगरपालिकाको मेयरमा उम्मेदवार भए, विजयी पनि भए । पछिल्लो स्थानीय चुनावमा पनि गुप्ता मेयरको प्रत्याशी थिए । तर, दोश्रो पटक उनलाई गौरवासीले पत्याएनन् ।

नेपाल रौतहटबाट प्रतिनिधीसभा उम्मेदवार हुने भएपछि एमालेले रातारात गुप्तालाई एमाले पार्टीमा प्रवेश गराएर उम्मेदवार बनायो । एमालेको नेतृत्व तह जसरी भएपनि नेपाललाई हराउने खेलमा व्यस्त छन् । उनीहरुको यो खेल सफल भयो भने गुप्ता निर्वाचित हुनेछन् । तर, अहिलेसम्मको चुनावी माहौलले कसैको पनि जीत सुनिश्चित गरेको छैन । नेपाल र गुप्ता प्रतिस्पर्धामा छन् ।

एक स्थानीय रौतहट जातीय आधारमा मतदान हुने परम्परा रहेको बताउँदै मतदाता आपसमा बाँडिने बताउँछन् । २०७४ मा यस क्षेत्रबाट मधेशवादी दलका अनिल झा निर्वाचित भएका थिए। अहिले झा, धनुषा तीनमा सत्ता गठबन्धनका उम्मेदवार छन् । राजनीतिक वृतमा सत्ता गठबन्धनका शीर्ष नेताहरुले नेपालको सहजताका लागि अनिललाई धनुषाबाट उम्मेदवार बनाएको चर्चा छ ।

रौतहटका पत्रकार प्रेमचन्द्र झा भने रौतहटमा जातका आधारमा मतदान नहुने बताउँदै पार्टीगत प्रतिस्पर्धा हुने दाबी गर्दछन् । 'रौतहटमा राजनीतिक चेतना राम्रो छ, यहाँ जातीय आधारमा नभएर पार्टीगत आधारमा चुनाव हुन्छ, धमिलो पानीमा माछा मार्न चाहनेहरुको हल्ला हो ' झा भन्छन् 'अहिलेसम्मको अवस्थाले प्रतिस्पर्धा भएपनि नेपालको पक्ष बलियो छ ।'

क्षेत्र नम्बर एकमा पर्ने स्थानीय तहहरुको पछिल्लो निर्वाचनमा नेकपा समाजवादी, नेपाली कांग्रेस, लोसपा र माओवादीका उम्मेदवारहरु विजयी भएको जानकारी दिदैं झा भन्छन् 'चुनाव हो, अहिल्यै ठोकुवा त गर्न मिल्दैन, तर प्रतिस्पर्धामा नेपाल अगाडी छन् ।' अहिलेका एमाले उम्मेदवार गुप्ताले गौर नगरपालिकाको मेयर हुँदा गरेका कामहरुको राम्रो लेखाजोखा गरिरहेको झा बताउँछन् । केही दिन अघि स्वतन्त्र उम्मेदवार रेवन्त झाले उम्मेदवारी फिर्ता लिएर नेपाललाई सघाउने घोषणा गरेका छन् । एमाले नेता नेपाललाई निर्वाचित गर्दै आएका रौतहटका मतदाताले यस पटक नेकपा समाजवादी अध्यक्ष नेपाललाई कलममा छाप लगाएर विजयको माला पहिऱ्याउने हुन् वा एमाले पार्टीको सूर्य चिह्ननै रोज्ने हुन् ? अन्यौल छ ।

# वीरगंज उद्योग वाणिज्य संघ ...............

यस अघि मंगलबारमात्रै वीउवासङ्घ र सिंगापुर उवासङ्घबीच एमओयुमा हस्ताक्षर भएको थियो । वीउवासङ्घ र भियतनाम चेम्बरका उद्योगी व्यापारीहरु बीचको बैठकले दुवै देशको व्यापारिक सम्बन्धमा अझ नयाँ आयाम थपिएको छ। नेपालको भियतनामसँग व्यापार वृद्धि र नेपाल र भियतनामका उद्यमीहरुको संयुक्त लगानीमा वीरगञ्जमा नयाँ लगानी भित्रयाउन यस भेटघाटले उल्लेखनीय भूमिका निर्वाह गर्ने विश्वास वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष सुवोध गुप्ताले बताएका छन् । नेपालको आर्थिक राजधानीका रुपमा परिचित वीरगंज र भियतनामको आर्थिक केन्द्रका रुपमा पहिचान बनाएको होचिमिन्ह सिटीका चेम्बरबीच भएको स्मृति पत्रमा हस्ताक्षर र द्विपक्षीय सम्बन्धले वीरगंजलाई अन्तर्राष्ट्रिय बजारमा अझै सघन रुपमा प्रवेश गराउन मद्दत मिलेको र यस क्षेत्रमा भियतनामी लगानी आउने बाटो सरल बनाएको हुँदा आफूहरु उत्साहित बनेको डा. गुप्ताले बताएका छन् । उक्त भ्रमण प्रतिनिधिमण्डलमा सङ्घका निवर्तमान अध्यक्ष गोपाल केडिया, उपाध्यक्ष माधव राजपाल, महासचिव मनोजकुमार दास, सचिव अरविन्द्र अमात्य, सह-कोषाध्यक्ष प्रेमचन्द्र गोयल, सह-सचिव अनोज रुँगटा, का.स.स. सुनिलकुमार खेतान, रविन्द्रकुमार बरनवाल, मनोजकुमार शर्मा, नरेशकुमार टिबडेवाल, शिवजीप्रसाद साह, मुरली जालान, प्रमोदकुमार चौरसिया, पन्नालाल प्रसाद साह, प्रकाश खण्डेलवाल, अंकितकुमार खेतान, प्रभात रुँगटा, बुद्धिप्रसाद पन्त, डा. लक्ष्मी थापा लगायतको सहभागिता रहेको छ ।

# फ्रान्सेली क्याथोलिक चर्च : तीन लाख तीस हजार बाल यौन दुर्व्यवहारको शिकार

पेरिस, २३ कात्तिक

फ्रान्सेली क्याथोलिक चर्चले विभिन्न कालखण्डमा बाल यौन दुर्व्ययवहार भएका स्वीकार गरेको छ । अठत्तर वर्षीय पादरी जीन-पियरले ३५ वर्षअघि एक जना १४ वर्षीया किशोरीलाई दुर्व्ययवहार गरेको स्वीकार गरेपछि ईश्वरका घरमा भएका ती निन्दनीय कृत्य सार्वजनिक भएका हुन् ।



दक्षिणपश्चिमी फ्रान्सको बोर्डोको आर्कबिशपले 'पैतीस वर्षअघि म पादरी हुँदा १४ वर्षकी युवतीसँग मैले निन्दनीय व्यवहार गरेको थिएँ । मेरो व्यवहारले पीडितमा गम्भीर एवम् अप्रिय परिणाम निम्त्याएको छ, उनले लिखित स्वीकारोक्तिमा भनेका छन् । उनले पीडितसँग कुरा गरेको क्षमा याचना गरेको पनि बताएका छन् । आफूबाट भएको अपराधका निम्ति उनले अन्य सबैसँग पनि माफी मागेका छन् । गत वर्ष एक स्वतन्त्र आयोगद्वारा जारी गरिएको एक अध्ययनले बितेका ७० वर्षमा फ्रान्समा पादरी वा चर्च-सम्बन्धित अन्य व्यक्तिले तीन लाख ३० हजार बाल यौन दुर्व्यवहार गरेको खुलासा भएपछि धार्मिक कर्तव्यबाटच्युत हुनेविरुद्ध निगरानी थालिएको छ भने गिर्जाघरहरूमा पनि नियमितरूपमा कानुन कार्यान्वयन निकायबाट अनुगमन हुने गरेको छ ।

फ्रान्सेली विशप सम्मेलनका अध्यक्ष एरिक डे मौलिन्स-ब्युफोर्टले बहालवाला विशप र पूर्वविशप, फ्रान्सेली न्याय वा चर्च अधिकारीहरूले अनुसन्धान गरेका विभिन्न घटनाहरूमा यौन दुर्व्यवहारका घटना अधिक भेटिएका बताएका छन् । बाल यौन दुर्व्यवहारका पीडितहरूलाई आर्थिक क्षतिपूर्तिको व्यवस्था पनि हुन थालेको उनले बताए । फ्रान्सको नेशनल इन्स्टिच्युट अफ हेल्थ एण्ड मेडिकल रिसर्चले बालबालिकामाथि हुने यौन दुर्व्यवहारका घटनाको अनुसन्धानमा पनि पीडितहरूको मानसिक स्वास्थ्यमा नकारात्मक नतिजा पाइएको छ । (रासस/एपी)

# रुसी सेना फिर्ता भएपछि मात्र वार्ता- युक्रेन

किभ, २३ कात्तिक

रुसले युक्रेनबाट आफ्ना सेना फिर्ता गरेपछि मात्र रुससँग वार्ता गरिने जनाएको छ । युक्रेनले पहिलेदेखि राख्दै आएका यो अडान मङ्गलबार पनि पुनः दोहोऱ्याएको छ । युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलिन्स्कीका सल्लाहकार मिखाइलो पोदोलियाकले सो कुराको जानकारी दिनुभएको युक्रेनी मिडियाले जनाएका छन् । इटालीको एक दैनिक पत्रिका ला रिपब्लिकालाई दिनुभएको अन्तर्वार्तामा उहाँले सो कुरा बताउनुभएको हो । उहाँले युक्रेन रुससँग वार्तामा बस्नका लागि पनि उसका सबै सेनाको फिर्ती पहिलो सर्त हो भन्नुभएको युक्रेनी राष्ट्रपतिको प्रेस सचिवालयले जानकारी दिएको छ । हाल रुसले युक्रेनमा एक प्रकारको युद्धविराम जस्तो गरेको र त्यो युद्धविरामको अवस्था उसले आफ्नो शक्ति थप सञ्चय गर्ने



काममा पनि दुरुपयोग गर्न सक्ने भन्दै सल्लाहकार मिखाइलोले यदि रुससँग वार्ता गर्ने हो भने त्यस अगावै उसले आफ्ना सबै सेना युक्रेनबाट फिर्ता गरिसक्नुपर्छ भने । हालैमात्र युक्रेनका विषयमा संयुक्त राज्य अमेरिका र रुसका रक्षामन्त्रीका बीचमा कुराकानी भइरहेको भन्ने समाचारको पनि उनले सो अन्तर्वार्तामा खण्डन गरेका छन् । उनले युक्रेनको विषयलाई लिएर अहिले रुस र कुनै पनि पश्चिमा देशसँग छलफल र निर्णय नभएको पनि स्पष्ट गरेका थिए । उहाँले युक्रेनको सहभागिता र सहमति बिना युक्रेनका बारेमा कहीँपनि कुनै निर्णय हुन नसक्ने र युक्रेनी जनताले पनि आफ्ना बारेमा अरु कसैले गर्ने निर्णयलाई नमान्ने पनि स्पष्ट गरेका थिए । गत फेब्रुअरी २४ मा रुसले युक्रेनमाथि आक्रमण गरेको थियो । त्यसपछि मार्च २९ मा टर्कीको इस्तानबुल सहरमा रुस र युक्रेनकाबीचमा प्रत्यक्ष वार्ता भएको थियो । त्यसयता यी दुई देशबीचमा प्रत्यक्ष रुपमा वार्ता हुन सकेको छैन । (रासस/सिन्ह्वा)

# एम्बुसमा यमनी जनरल मारिए

एडेन, २३ कात्तिक

अज्ञात बन्दुकधारीहरूले यमनको उत्तरपूर्वीमा पर्ने तेलको धनी प्रान्त मारिबमा मङ्गलबार एक जनरलको गोली हानी हत्या गरेको एक सुरक्षा अधिकारीले सिन्ह्वा समाचार समितिलाई जानकारी दिएका छन् ।अन्तर र्राष्ट्रिय मान्यता प्राप्त यमन सरकारका जनरल मारिएका समाचारमा जनाइएको छ । सरकार नियन्त्रित प्रान्त मारिबमा मास्क लगाएका बन्दुकधारीहरूले आफ्नो स्वचालित राइफलबाट गोली हानेर जनरल मोहम्मद अल-जरादी र उहाँका अंगरक्षकको हत्या गरेका एक अधिकारीले नाम नबताउने सर्तमा जानकारी दिएका छन् ।अल-जरादी सहरमा आफ्नु कार्यबाट फर्कदै गर्दा बन्दुकधारीहरुले उनलाई बोकेको सैन्य गाडीमा बन्दुक प्रहार गरेका नाम बताउन नचाहाने ती अधिकारी जानकारी दिएका हुन् ।अल-जरादी साउदी अरेबियासमर्थित यमनी सरकारी सेनाका एक वरिष्ठ कमाण्डर थिए । उनले व्यक्तिगत रूपमा विगतका वर्षहरुमा हुथी विद्रोहीविरुद्ध ठूलो मात्रामा सैन्य कारबाहीको नेतृत्व गर्दै आउनु भएको थियो ।



आक्रमणकारीहरु गोली चलाएर भाग्न सफल भएका थिए । स्थानीय सुरक्षाबलहरुले हत्याको अनुसन्धान सुरु गरिसकेका अधिकारीहरुले जानकारी दिएका छन् ।

तेलको धनी प्रान्त मारिबलाई कब्जामा लिएर साउदी अरेबियासमर्थित यमनी सरकारी सेना र हुथी विद्रोही विद्रोहीबीच बारम्बार भीषण लडाईहरु भइरहेका छन् ।यमनको सन् २०१४ अन्तमा गृहयुद्ध भड्कियो जब हुथी समूहले देशको उत्तरी धेरै भागमा आफ्नो नियन्त्रण कब्जा गर्यो र अन्तर्राष्ट्रिय मान्यता प्राप्त सरकारलाई राजधानी सानाबाट बाहिर निकालेको थियो । (रासस/सिन्ह्वा)

# एकैदिन ६२ हजारभन्दा बढी कोभिड संक्रमित

सोल, २३ कात्तिक

दक्षिण कोरियामा कोभिड १९ का सङ्क्रमितहरुको सङ्ख्या बढेको यहाँका स्वास्थ्य अधिकारीहरुले जानकारी दिएका छन् । स्वास्थ्य अधिकारीअनुसार गएको २४ घन्टा यता यहाँ ६२ हजारजना भन्दा बढी सङ्क्रमित भेटिएका छन् ।यहाँ गएको २४ घन्टा यता ६२ हजार चार सय ७२ जना सङ्क्रमित थपिएका छन् । अघिल्लो दिन अर्थात् सोमबार यहाँ ६२ हजार दुई सय ७३ जना रहकामा मङ्गलबार ती सङ्क्रमित थपिएका हुन् ।यहाँ कोभिड महामारी सुरु भएयता दुई करोड ५९ लाख ८१ हजारजना भन्दा बढी सङक्रमित भेटिएका



समाचारमा जनाइएको छ । यहाँको रोग नियन्त्रण तथा निवारण निकायका अनुसार अघिल्लो हप्ताका तुलनामा मङ्गलबार सङ्क्रमित बढेका छन् ।अघिल्लो हप्तामा यहाँ बढीमा ५४ हजारमा मात्र संक्रमण देखिएको थियो ।यहाँ पछिल्लो दिनमा ५९ जनाको यही सङ्क्रमणबाट ज्यान गएको छ । दक्षिण कोरियामा अहिलेसम्म कोभिडको सङ्क्रमणबाट ज्यान जाने व्यक्तिको सङ्ख्या २९ हजार चार सयभन्दा बढी रहेको बताइएको छ । (रासस/सिन्ह्वा)

# पाकिस्तान १३ वर्षपछि टी–२० विश्वकपको फाइनलमा प्रवेश

पाकिस्तान आइसिसी पुरूष टी-२० विश्वकपको फाइनलमा प्रवेश गरेको छ।सिड्नीमा बुधबार भएको पहिलो सेमिफाइनलमा न्यूजिल्याण्डलाई ७ विकेटले हराउँदै पाकिस्तान तेस्रो पटक विश्वकपको उपाधि नजिक पुगेको हो ।

न्यूजिल्याण्डले दिएको १५३ रनको मध्यम लक्ष्य पाकिस्तानले ५ बल बाँकी हुँदा मात्र ३ विकेट गुमाएर पुरा गऱ्यो।पाकिस्तानको जितमा कप्तान बाबर अजाम र मोहम्मद रिजवानले उत्कृष्ट पारी खेले। पहिलो विकेटका लागि सतकीय साझेदारी गरेका कप्तान बाबर अजामले ४२ बलमा ७ चौकासहित ५३ रन बनाए। पहिलो बलमै जीवनदान पाएका बाबरले ३८ बलमा ७ चौकासहित ५० रन पुऱ्याएका थिए।रिजवानले ४३ बलमा ५ चौकासहित ५७ रन बनाए। रिजवानले ३६ बलमा ५ चौकासहित ५० पुरा गरेका हुन्।यस्तै हरिश रौफले २६ बल खेल्दै १ छक्का र २ चौकासहित ३० रन बनाए। सान मसुदले ३ रन बनाए।त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको न्यूजिल्याण्डले निर्धारित २० ओभरमा ४ विकेट गुमाउँदै १५२ रन बनायो।उसका लागि ड्यारेल मिचेलले सर्वाधिक ५३ रन बनाए। उनले ३५ बलमा १ छक्का र ३ चौका प्रहार गरे।यस्तै कप्तान केन विलियम्सनले ४६ रन जोडे। ४२ बल खेलेका उनले १ छक्का र १ चौका प्रहार गरेका थिए। फिन आलेनले ४ रन बनाउँदा ग्लिन फिलिप्सले ६ रन जोडे। यस्तै जामेश निसामले १२ बलमा १६ रन बनाए।पाकिस्तानका लागि शहिन साह अफ्रिदीले २ तथा मोहम्मद नवाजले १ विकेट लिए। भाग्यको साथ पाएको पाकिस्तानलाई १३ वर्षपछि पुनः टी-२० विश्वकपको उपाधि जित्ने मौका आएको छ। अष्ट्रेलिया र न्यूजिल्याण्डले संयुक्त रूपमा आयोजना गरेको सन् १९९२ को एकदिवसीय विश्वकपकै लय दोहोऱ्याएर पाकिस्तान अष्ट्रेलियामै जारी विश्वकपको फाइनलमा पुगेको छ।उक्त विश्वकपमा निकै खराब सुरुवात गरेको पाकिस्तानलाई भाग्यले साथ दिएपछि अन्ततः उपाधि नै चुम्न सफल भएको थियो। यसपालि पनि पाकिस्तानले त्यहीँ इतिहास दोहोऱ्याउने मौका पाएको छ ।

जारी विश्वकपको सबैभन्दा भाग्यमानी टोली पाकिस्तान सुरूआती दुई खेलमा पराजित भएपछि लगभग सेमिफाइनल दौडबाट बाहिरिएको थियो।पहिलो खेलमा भारतसँग चार विकेट र दोस्रो खेलमा जिम्बावेसँग १ रनले पराजित भएपछि पाकिस्तानको तिब्र आलोचनासमेत भएको थियो। यसरी सुपर १२ बाट आउट हुनै लागेको पाकिस्तानले अविश्वसनीय पुनरागमन गर्दै सेमिफाइनलमा स्थान पक्का गऱ्यो।त्यसो त पाकिस्तानको यो पुनरागमनमा उसको आफ्नै खेल मात्र नभएर नेदरल्यान्डसको महत्वपूर्ण भूमिका रह्यो। नेदरल्यान्डले दक्षिण अफ्रिकाविरूद्ध स्तब्ध नतिजा ननिकालेको भए पाकिस्तानले कराँचीको टिकट काटिसक्नुपर्थ्यो। तर अन्तिम खेलमा दक्षिण अफ्रिका नेदरल्यान्ड्ससँग १३ रनले स्तब्ध भएपछि पाकिस्तान नाटकीय रुपमा सेमिफाइनलमा पुगेको थियो।सेमिफाइनलमा न्यूजिल्याण्डमाथि सानदार जित निकाल्दै पाकिस्तान सन् २००९ को विश्वकपपछि पहिलो पटक फाइनल खेल्न लागेको हो।पाकिस्तानले २००९ को विश्वकपमा श्रीलंकालाई ८ विकेटले हराउँदै विश्वकप ट्रफी उचालेको थियो। त्यसपछि पाकिस्तान लगातार पाँचौ पटक फाइनलमा पुग्न सकेको थिएन। त्यसअघि सन् २००७ मा दक्षिण अफ्रिकामा भएको पहिलो संस्करणको फाइनलमा पनि पाकिस्तान भारतसँग पाँच रनले पराजित भएको थियो। सन् २०१० को टी२० विश्वकपको सेमिफाइनलमा अष्ट्रेलियासँग तीन विकेटले पराजित भएको पाकिस्तानले गत वर्षको विश्वकपमा पनि अष्ट्रेलियासँग ५ विकेटले सेमिफाइनलमै पराजित भएर बाहिरिएको थियो।

# नेपाल सुपर लिग फागुनमा

काठमाडौ, २३ कात्तिकं

नेपाल भलिबल संघले २०७९ र ८० गरी दुई सिजनको एकमुष्ट वार्षिक कार्यक्रम सार्वजनिक गरेको छ ।गत वर्ष नै सम्झौता भएर पनि आयोजना हुन नसकेको नेपाल सुपर लिग भलिबल प्रतियोगिता आगामी फागुनमा सन्चालन हुने भलिबल संघको वार्षिक कार्यक्रममा उल्लेख छ ।नेपाल स्पोर्टस एण्ड इभेन्ट म्यानेजमेन्टसँग संघले गत वर्ष फ्रेन्चाइज भलिबल लिगका लागि सम्झौता गरेको थियो । यही कम्पनीले फुटबलतर्फ नेपाल सुपर लिगको पहिलो संस्करण आयोजना गरेको थियो । गत भदौमा निर्वाचित नयाँ कार्यसमितिले दुई वर्षको कार्यक्रम एकैपल्ट सार्वजनिक गर्दा केहि नयाँ कार्यक्रम पनि समावेश गरिएका छन् । नेपालले अर्को महिना उमेरसमूहको अन्तर्राष्ट्रिय प्रतियोगितामा पहिलोपल्ट सहभागिता जनाउँदैछ ।

डिसेम्बर तेस्रो साता बंगलादेशमा हुने यू-२३ एसियन सेन्ट्रल जोन पुरुष भलिबल प्रतियोगिताका लागि नेपालमा खेलाडी छनोट भइरहेको छ ।त्यस्तै संघले यही वर्ष पहिलोपल्ट उमेर समूहको प्रतियोगिता आयोजना गर्ने भएको छ । यू-१५ पुरुष तथा महिला राष्ट्रिय प्रतियोगिताको मिति निर्धारण गरिएको छैन । २०८० सालमा महिला र पुरुषको एक-एक अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलको आयोजना गर्ने क्यालेण्डरमै उल्लेख गरिएको छ । सोही वर्ष राष्ट्रिय रेफ्री कोर्ष सन्चालन हुनेछ ।

# प्रधानमन्त्री कपको दुवै सेमिफाइनल त्रिवि मैदानमा हुने

काठमाडौं ,२३ कात्तिक।

प्रधानमन्त्री कप एकदिवसीय पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिताको दोस्रो सेमिफाइनल पनि कीर्तिपुरस्थित त्रिवि मैदानमै हुने भएको छ ।

नेपाल क्रिकेट संघ क्यानले यसअघि सार्वजनिक गरेको खेल तालिकाअनुसार सेमिफाइनल दुई खेल कात्तिक २४ गते एकै दिन फरक मैदानमा हुने थियो ।तर, मूलपानी मैदानमा हुने दोस्रो सेमिफाइनल खेल त्रिवि मैदानमा सार्दै एक दिन पछि खेलाइने क्यानले मंगलबार जनाएको छ ।




यसअघि मूलपानीमा तय भएको खेल अब कात्तिक २५ गते त्रिविमैदानमा हुनेछ ।मूलपानी मैदानमा समूह चरणका खेलहरु खेलाइएको थियो ।

तर, मूलपानी विकेटमा सहभागी टिमका खेलाडीले नै असन्तुष्टि जनाइरहेका थिए । दोस्रो सेमिफाइनलमा दुई विधागीय टोली नेपाल पुलिस क्लब र त्रिभुवन आर्मी क्लब खेल्दैछन् ।त्यसअघि नेपाल एपीएफ क्लब र मधेश प्रदेशबीच कात्तिक २४ गते त्रिवि मैदानमा पहिलो सेमिफाइनल हुनेछ ।फाइनल खेल यसअघि कै तालिका अनुसार कात्तिक २६ गते हुनेछ । कात्तिक २५ गते सेमिफाइनल खेल्ने विजेताले लगातार अर्को दिन फाइनल खेल्नुपर्ने हुन्छ ।

# साविक विजेताले बहिस्कार गरेको दोस्रो विश्वकप

काठमाडौं,२३ कात्तिक

चार वर्षअघि उरुग्वेमा निर्मित आधारलाई टेकेर फिफाले विश्वकप दोस्रो संस्करणको आयोजना अधिकार युरोपेली देशलाई दिने निर्णय गर्यो । इटलीलाई आयोजकका रुपमा चुनिए पनि छनोट प्रतियोगितामार्फत उसले सहभागिता निश्चित गरेको हो । छनोट खेल्ने इटली एकमात्र आयोजक राष्ट्र हो ।१९३४ विश्वकपका लागि इटलीसहित ३२ देशले छनोट प्रतियोगितामा भाग लिएका थिए । तीमध्ये १६ टिम विश्वकपको मुख्य प्रतिस्पर्धाका लागि छानिए । फिफा विश्वकपको इतिहासमा पहिलो र एकमात्र उदाहरण यस्तो बन्यो कि साविक विजेता टिमले प्रतियोगिता बहिस्कार गर्यो । चार वर्षअघि आफ्नो देशमा प्रतियोगिता आयोजना हुँदा प्रमुख युरोपेली देशको अनुपस्थितिको रिस उसले दोस्रो विश्वकपमा देखायो ।अर्जेन्टिना र ब्राजिलमात्र विश्वकपको प्रमुख स्पर्धाका लागि छनोट भएका थिए । तर, उनीहरु पहिलो चरणबाट माथि जान सकेनन् । क्वाटरफाइनलदेखि



नै सबै युरोपेली देशको बर्चश्व रह्यो ।इटलीका ८ शहरका रंगशालामा विश्वकपका खेल सन्चालन गरिएको थियो । रोममा फाइनल खेलाइएको थियो । घरेलु टोली इटली र चेकोस्लाभियाबीच फाइनलमा चर्को प्रतिस्पर्धा भयो । खेल अतिरिक्त समयमा पुगेको थियो । इटलीलाई पुनरागमन जितसहित पहिलो विश्वकपको उपाधि दिलाउने क्रममा खेलमा पाँच मिनेटको समय बाँकी हुँदा स्टार फरवार्ड एन्जेलो शियावियोले गोल गरे ।पहिलो विश्वकपको लोकप्रियतापछि फिफाले दोस्रो संस्करणलाई थप व्यवस्थित गर्न तीव्र गतिमा काम गरेको थियो । त्यसैले युरोपका ठूला देशहरुलाई पनि समावेश गर्न सफल रह्यो ।छनोट प्रक्रियाको संरचना, फरक फरक शहरमा खेल सन्चालन र तेस्रो स्थानको प्लेअफलगायत फिफाका केहि कामहरु त्यसपछिका विश्वकपमा पनि जारी रहे ।पहिलोपल्ट प्रतियोगितामा सहभागी १६ मध्ये १२ देशमा रेडियोमार्फत विश्वकपको प्रत्यक्ष प्रशारण गरिएको थियो ।चार वर्षअघि अर्जेन्टिनाको टिमबाट उपविजेता बनेका लुइस मोन्टीले इटलीको टिमबाट विश्वकप उपाधि जिते । उनी विश्वकप फाइनलमा दुई देशबाट प्रतिनिधित्व गर्ने एकमात्र फुटबलर हुन् ।यो विश्वकप इटलीमा बेलिनो मुसोलिनी र उनको फासिबादी पार्टीको शासनकालका दौरान आयोजना गरिएको थियो । सो पार्टीका नेताका विरुद्ध भ्रष्टाचार र विश्वकप आयोजनाका लागि आफ्नो शक्तिको दुरुपयोग गरेको आरोपसमेत लागेको थियो ।क्वाटरफाइनलमा इटली र स्पेनबीचको खेलमा मैदानमै झडप भएको थियो । धेरै विवादका कारण खेल स्थगित गरी पुनः खेलाउनुपरेको थियो ।

# नगर प्रमुख राजेशमानको सक्रियता : वीरगंज–रक्सौल सडकमा पिच

मधेशदृष्टि
वीरगंज, कात्तिक २३



वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहको सक्रियतामा मुलुकको प्रमुख भन्सार नाका वीरगंज-रक्सौलको मितेरी पुल सडक खण्ड पिच गर्ने कार्य सुरु भएको छ।

वर्षौंदेखि मितेरी पुल सडक खण्ड जिर्ण रहेको अवस्थामा नगर प्रमुख राजेशमान सिंहले सडक विभागसँग समन्वय गरेर पक्की सडक निर्माण शुरु भएसँगै वीरगंजवासीहरुलाई राहत पुग्ने भएको छ।

लामो समय देखि धुलाम्य सडकका कारण सास्ती खेप्दै आएका नेपाल र भारतका सिमा क्षेत्रका बासिन्दाहरु सडक कालोपत्रे हुने भएपछि हर्षित भएका छन् । नगर प्रमुख सिंहकै पहलमा भारतीय सरकार मातहतको पथ निर्माण विभागले १०६ मिटर लम्बाईको मितेरी पुल मर्मत कार्य सुरु गरेपछि नेपाल तर्फको सडक खण्ड पिच गर्ने कार्य सुरु भएको हो। वीरगंज-रक्सौल नाकालाई सौन्दर्यीकरण गर्ने अभियान अन्तर्गत वीरगंज महानगरपालिकाले सीमामा पक्की सडक निर्माण गरेपछि नगर प्रमुखको कार्यको चौतर्फी प्रशंसा भएको वीरगंज युवा समाजका अध्यक्ष कमल चौलागाईले बताएका छन्।

नेपाल भारत सीमामा रहेको मितेरी पुल सडक खण्डमा लामो समयदेखि खाल्डाखुल्डी हुँदा सयौं यात्रुलाई आवागमनमा समस्या हुँदै आएको अवस्थामा नगर प्रमुखको पहलमा पिच सडक निर्माण गरिनु तथा सीमा क्षेत्रलाई महानगरपालिकाले सौन्दर्यीकरण गर्ने अभियान शुरु गर्नुले अब वीरगंजको नाममा राष्ट्रिय, अन्तर्राष्ट्रिय रुपमा समेत सफा र सुन्दर सीमा शहरको रुपमा स्थापीत हुने ग्रिन सिटी सामुदायिक केन्द्र आदर्शनगरका अध्यक्ष जयप्रकाश खेतान बताउँछन्।

सन् १९९४ मा भारत सरकारको नेशनल हाइवेको रुपमा मितेरी पुल निर्माण गरेको थियो । तर, पुलको आधा हिस्सा दशगजा क्षेत्रमा पर्ने भएकाले दुवै देशको सरकार तथा स्थानीय सरकारहरू मर्मत-सम्भार गर्न विगतमा हच्किँदै आएका थिए।

यस्तो अवस्थामा वीरगंजको नेतृत्व सम्हालेका नगर प्रमुख सिंहले सडक निर्माण र सीमा क्षेत्रको सौन्दर्यीकरणलाई अगाडी बढाउनु प्रशंसनिय काम गरेको संचारकर्मी शेखर छतकुली बताउँछन्।

नेपालको प्रमुख नाकाको रुपमा रहेको वीरगंज रक्सौल नाकाको सिमानामा पर्ने मितेरी पुल जीर्ण हुँदा सीमा क्षेत्रैबाट नेपाल प्रवेश गर्ने भारतीय पर्यटकहरूलाई सुन्दर शान्त नेपालको बारेमा भ्रम पर्ने भएको हुँदा नेपाल प्रवेश गर्ने नाकालाई धुँवा धुलो तथा फोहोर, प्रदूषणबाट मुक्त गर्दै व्यवस्थित सडकसहित भारतीय पर्यटकलाई आकर्षित गर्न अभियान शुरु गरेको नगर प्रमुख राजेशमान सिंहको भनाई छ।

# जनताको आशिर्वाद कहिल्यै भुल्ने छैन – प्रदिप यादव



मधेशदृष्टि
वीरगंज, कात्तिक २३

पर्सा क्षेत्र नम्बर १ का प्रतिनिधी सभा सदस्य उम्मेदवार प्रदीप यादवले आफ्नो मात्र नभई आफ्ना सन्तति र भविष्यका पुस्ताका लागि सहि उम्मेदवार चुन्न मतदातालाई आह्वान गरेका छन्। वीरगंज महानगरपालिका वडा नम्बर ३२ मा बुधबार आयोजित चुनावी सभालाई सम्बोधन गर्दै जसपा-एमाले गठबन्धनका उम्मेदवार यादवले आफू जसपा-एमाले गठबन्धनको साझा उम्मेदवार भएको हुँदा आफ्नो जित जसपा र एमालेको जित भएको दाबी गरे । यादवले प्रदेशसभा सदस्यमा विचारी यादवको जित पनि दुवै पार्टीका कार्यकर्ताको जित भएको दाबी गरे। पर्सा क्षेत्र नम्बर १ मा यसअघि चुनाव जितेर सांसद बनेकाहरुले यो क्षेत्रको विकास र जनताका लागि ठोस र नमूना काम केहि पनि नगरेको दृष्टान्त दिदैं यादवले २०७४ को चुनावमा जनताकै आशीवार्दबाट आफूले चुनाव जितेर गरेको काम जनताले कहिल्यै नविर्सिने र जनताको शिर कहिल्यै झुक्न नदिने प्रतिबद्धता समेत व्यक्त गरे।

यादव आफू तीन महिनाका लागि मात्रै मन्त्री बन्दा ५० वटा भन्दा बढि निर्णयहरु गरेको दावी गर्दै वन मन्त्रालयको पहिलो निर्णय वीरगंजमा चिडियाखाना स्थापना गर्नु रहेको हुँदा आफू पर्साको समृद्धिका लागि सदैव क्रियाशिल भएको दावी गरे।

चुनावी सभालाई पर्सा क्षेत्र नम्बर १ (क) का प्रदेशसभा सदस्य उम्मेदवार विचारी यादवले पनि सम्बोधन गरेका थिए।

# बगरमा तरकारी, कृषकको अनुहारमा खुशियाली

सुभाष कर्ण
जनकपुर, कात्तिक २३



धनुषा कुसुम विछौनाकी निलम देवी निकै खुशी छिन्। उनि खुशी हुनुको कारण बगरमा तरकारी खेतीले हुने गरेको राम्रो आम्दानी हो । कुनै बेला जसोतसो परिवारको गुजारा गर्ने निलम अहिले तरकारी खेतीबाटै आफ्नो परिवार राम्ररी चलाई रहेकी छिन्।

काम र आम्दानीको अभावमा परिवारको गुजारा कसरी हुन्छ भन्दै चिन्तित रहने उनको दैनिकी फेरिएको छ । उनि तरकारी खेतीमै व्यस्त हुन थालेकी छिन् । बिहान तरकारी खेतीको स्याहारसुसार अनि गोडमेल र बेलुका बजारमा तरकारी बेच्ने दिनचर्या नै बनिसकेको छ।

निलम देवी यादवले भनिन्, '४ जना बच्चा सहित हाम्रो ६ जनाको परिवार छ, पहिला परिवार पाल्न निकै समस्या हुन्थ्यो, अरुको खेतमा काम गर्दा पनि खा पुग्दैनथ्यो । तर बगरमा हरियो तरकारी उब्जाउन थालेपछि महिनाको १० हजारभन्दा बढि आम्दानी हुँदा परिवार चलाउन निकै सहयोग पुगेको छ।'

त्यस्तै लक्ष्मीनियाँ देवी पनि बगरमा तरकारी खेतीले राम्रो आम्दानीले निकै खुशी छिन् । उनको पनि दिनचर्या तरकारी रोप्नेदेखि बिक्री गर्नेसम्म बितिरहेको छ । निलम देवी र लक्ष्मीनियाँ देवी उदाहरणका पात्र मात्र हुन्। कुसुम बिछौना गाउँका विपन्न गरीब र कोभिडबाट प्रभावित तथा विदेशबाट फर्केर बेरोजगार भएका ६५ परिवारको अनुहारमा पनि महिनाको १० देखि २० हजार रुपैया भइरहेको आम्दानीले यस्तै खुशी देखिन्छ।

कुसुम बिछौनाका गाउँका कोरोना प्रभावित र वैदेशिक रोजगारबाट फर्किएका धनुषाको मिथिला नगरपालिका ८ कुसुम विछौना गाउँका भूमिहिन किसानहरुका लागि स्थानीय सामुदायिक सुधार केन्द्र (सीआईसी) को पहलमा स्थानीय तह र यूएनडिपीको सहयोगमा नदी उकास जग्गाको सो बगरमा हरियो तरकारी खेती जिविकोपार्जनका लागि आर्थिक उपार्जनको सहयोगी भएका हुन्। बालुवा गिटी मिश्रित सो जग्गालाई खेती योग्य बनाएर लौका, सिमी, बोडी, भन्टा, भिन्डी, घिरौंला लगायतका तरकारी खेती गरी बजारमा बेचेर आआफ्नो आम्दानी गरिरहेको आबद्ध किसानहरु बताउँछन् । उनीहरुले सो जग्गामा मेहनतको भरमा दैनिक २५/३० किलोसम्म लौका, सिमी, बोडी, भन्टा, भिन्डी, घिरौंलासहित ३ फिटसम्मको लौका उब्जाएर बजारमा बेचेर आआफ्नो जिविकोपार्जन गरिरहेका छन्।

बगर तरकारी खेती गर्दै आएका विदेशबाट फर्केर बेरोजगार भएका किसान चन्देश्वर महतोले खुशी व्यक्त गर्दै भने आफ्नो जग्गा नभएपछि पहिला अरुको खेतमा काम गर्थे तर अब आफ्नै खेत पाएर तरकारी उब्जाएर दैनिक ३/४ सय रुपैयाँ आम्दानीले परिवार धान्न मद्दत हुँदा निकै खुशी छु। तर यसलाई सम्बन्धित निकायले निरन्तरता दिई हामी जस्ता अरु गरीब विपन्न किसानहरुलाई समेट्यो अझै राम्रो हुन्छ।

कोरोना संक्रमणको बेला रोजगार गुमाउँदा भोग्नु परेको पीडा सुनाउँदै कतारबाट फर्केका नवलकिशोर यादवले पछिल्लो वर्ष विदेशबाट आउँदा कोरोना संक्रमणले गर्दा काम नपाउँदा परिवार चलाउँदा निकै समस्या भोग्नु परयो, न त कसैले काम दिन मानिरहेका थिए न सापटी पैचों जेनतेन गरेर गुजारा गरिरहेका थियौं । तर बगरमा तरकारी खेतीको समूहमा आबद्ध भएपछि नदी उकास जग्गाको बालुवा गिटी सफा गरी खेती योग्य बनाएर निशुल्क जग्गा, बिऊविजन, मलखाद र तालिम प्राप्त गरी हरियो तरकारी उब्जाएर महिनाको १०/१२ हजार रुपैयाँ आम्दानी गर्दा हाम्रो परिवारको जिविकोपार्जनका लागि त वरदान साबित भएको छ । सीआईसीका कृषि जेटीए मुकेश सिंह भन्छन 'पहिला त यो जग्गा चुरेबाट बगेर आएका बालुवा गिटीले पुरिएको थियो, स्थानीय तहबाट जग्गा लिएर किसानहरुको समूह बनाई बालुवा गिटी भएका जग्गामा प्रशिक्षण गराईरहेको तरकारी खेतीले यिनीहरुको जिविकोपार्जनका लागि सहयोगी हात भएको हो।'

उनले भने 'हामीले सकेसम्म अर्गानिक मल नै प्रयोग गराउने गरेको छौ। अत्यधिक किरा लागि सकेको अवस्थामा मात्रै विषादी मलखाद छिर्काउन लगाउँछौ । यहाँबाट उत्पादित तरकारी बजारमा अन्य तरकारीभन्दा कम विषादी रहेकोले विक्री भन्दा हुँदा किसानहरु चाहिएको जति उब्जाउन सकिरहेका छैनन्।'

स्थानीय तह मातहत कामै नलाग्ने रहेको सो पर्ती जग्गामा नदी उकास जग्गामा कृषि वन कार्यक्रम बगर खेती अन्तर्गत साढे ६ विगाहा जग्गामा दुई कट्ठाको दरले प्रभावित किसानहरुबाट तरकारी खेती गराउदै आएको सीआईसीका संजय साहले बताउंछन । सो जग्गा घेरवार, खेतीका ईनार, खुर्पी, कोदालो, बिउ बिजन, मलखाद समेत सम्बन्धित संस्थाहरुले उपलब्ध गराउदै आएको जानकारी समेत उनले दिए।

साहले भने 'यो कार्यक्रम धनुषाका कमला नगरपालिकामा पनि संचालनमा छन । अन्य स्थानीय तहहरुले पनि कोरोना प्रभावित वा वैदेशिक रोजगारबाट फर्किएका मात्र नभई अन्य भूमिहिन किसानहरुलाई सरकारी पर्ती जग्गामा तरकारी खेती र अन्य अन्नबाली उत्पादन गर्न लगाएमा धेरै हदसम्म बेरोजगारी र गरीबी न्यूनीकरण गर्न सकिने भएकाले सम्बन्धित निकायले ध्यान दिन जरुरी छ।'

# दश महिनाको छोरोको उपचारमा खर्च नहुदाँ सहयोग कुर्दै फेटाका मुकेशकुमार

मधेशदृष्टि
बारा, कात्तिक २३



फेटा गाँउपालिका वडा नं १ भलुहीका मुकेशकुमार दास शारिरीक रुपमा अपाङ्ग छन्, आँखा राम्रोसँग देख्दैनन्। उनलाई आफु अपाङ्ग हुनभन्दा ठुलो पिडा छोराका उपचारमा खर्च जुटाउन नसक्दा भएको छ।

१० महिनाको नाबालक छोराको जन्मदै दिसाघर नभएपछि तत्कालका लागि डाक्टरले पेटमा शल्यक्रिया गरेर दिसा बाहिर निसक्ने उपाय त गरिदिए तर, बाँकी उपचारको लागि पैसा नहुदाँ उनि चिन्तित छन्। 'वच्चाको दिसा गर्ने ठाँउ बन्द छ, अपाङ्ग पनि छ उपचार गर्ने पैसा छैन्, गाँउमा स्वास्थ्य बिमा पनि बन्द छ' मुकेशकुमारले दुखेसो पोखे 'घरपनि कर्जामा छ,म आफै अपाङ्ग छु, कसरी उपचार गर्ने, गाँउमा मुखियासँग कतिपटक भने तर सधै पछि आउनु मात्रै भन्छ'।

विपन्न परिवारका मुकशेकुमारलाई छोरोको उपचारमा धेरै खर्च हुने भन्दै डाक्टरले स्वास्थ्य बिमा गरेर आउन सुझाव दिएका छन्। उनले अस्पतालबाट फर्कर गाँउका मुखियालाई छोराको स्वास्थ्यबिमा गरिदिन पटक पटक भने तर, वडाध्यक्षले स्वास्थ्य बिमा कार्यक्रम बन्द रहेको पछि आउनुस् भन्दै फर्काईदिएको उनको गुनासो छ। दिसा गर्ने ठाँउ नहुदाँ वच्चाले खाएको सबैकुरा मुखबाट निकाल्ने उनले बताए।

'बच्चाको स्वास्थ्य बिमा छैन्,उपचार गर्न घरमा पैसा छैन्' मुकेशकुमारले भने । आसन्न प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि घरदैलो आउने उम्मेदवारहरुसँग पनि उपचारमा सहयोग गरिदिन आग्रह गरेका छन् तर कसैले आफ्नो समस्या नसुनेको उनको गुनासो छ।







मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका–१५, दर्ता नं. ३११–०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.–२, कदमचोक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल